लेखापरीक्षण प्रतिवेदन

प्युठान नगरपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

प्युठान नगरपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 | मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/771

श्रीमान् नगर प्रमुखज्यू,

प्युठान नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, प्युठान ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/771

श्रीमान् नगरप्रमुखज्यू,
प्युठान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
प्युठान।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस नगरपालिकाले अन्तरसरकारी अख्तियारी तर्फको कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२.नगरपालिकाको आय र व्यय तर्फ रु.१ अर्ब ६७ करोड १६ लाख ९ हजारको लेखापरीक्षणबाट रु.१ करोड ८३ लाख २२ हजार बेरुजु देखिएकोमा रु.१५ लाख २८ हजारको प्रतिक्रियाबाट सम्परीक्षण भई असुल गर्नुपर्ने रु.२५ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १७ लाख ८९ हजार र पेस्की बाँकी रु.२० लाख ७६ हजार गरी जम्मा रु.१ करोड ६७ लाख ९४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. १३ करोड २८ लाख ३० हजार बेरुजु मध्ये रु. २ लाख १९ हजारको सम्परीक्षण भई यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बेरुजु रु. १४ करोड ९४ लाख ५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४.वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत प्युठान नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५१	६९	१,८३,२२,८६८	०	३५	१५,२८,३७५	०	५१	३४	१,६७,९४,४९३	२५,३८,९४२	१,०३,९०,१३५	१७,८९,४१६	०	०	१,२१,७९,५५१	२०,७६,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षसम्मको सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
प्यूठान	१३,२८,३०,१८१	0	२,१९,१२६	१३,२६,११,०५५	0	१,६७,९४,४९३	१४,९४,०५,५४८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम (रु.)
प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	३५	सामाजिक सुरक्षा भत्ता फिर्ता	११,२८४
२	२०८१/८२	२८	विद्यालय सुधार योजना अनुदान	७,९५,०००
३	२०८१/८२	४२	मरन्ठाना चक्रपथ कालोपत्रे	२,०३,२१०
४	२०८१/८२	२४	बढी भुक्तानीः	३,०७७
५	२०८१/८२	२७	बढी निकासा	६,०००
६	२०८१/८२	५४	बढि भुक्तानीः	२,०००
७	२०८१/८२	६२	पारिश्रमिक करः	३१,७००
८	२०८१/८२	३१	पारिश्रमिक कर	३७,०४९

९	२०८१/८२	५५	ट्र्याक सेट खरिदः	२,२४,५५८
१०	२०८१/८२	३९	खरिद मूल्यांकन समितिको बैठक भत्ता	१,२७,५००
११	२०८१/८२	४४	एजविल्ट नक्सा	५,०००
१२	२०८१/८२	६५.४	आय ठेक्काको व्याज	६,४०४
१३	२०८१/८२	४	अनुदान फिर्ता	७५,५९३
जम्मा				**१५,२८,३७५**
गत विगतको सम्परीक्षण				
१४	२०८०/८१	५४	वढी भुक्तानी	३०,९५०
१५	२०८०/८१	५७.८	भरपाई नभएको तथा वढी भुक्तानी	२,०००
१६	२०७९/८०	३४	पदाधिकारी थप सुविधा	१,६८,०००
१७	२०७९/८०	२४.१	अग्रीम कर	१८,१७६
जम्मा				**२,१९,१२६**
कुल जम्मा				**१७,४७,५०१**

प्युठान नगरपालिका, प्युठान

(८०५५५४०१३००)

प्युठान नगरपालिका , प्यूठान

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १० वडारहेको छ भने क्षेत्रफल १२८.९६ वर्ग किलोमिटर तथा ४२१३० जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।८ देखि २०८२।५।१४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आयतर्फ रु.८३ करोड ६६ लाख ४९ हजार र व्ययतर्फ रु.८३ करोड ४९ लाख ६० हजार गरी जम्मा रु.१ अर्ब ६७ करोड १६ लाख ९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा

संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असूली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२८००।असूल भई दाखिला भएको छ।

सि नं	विवरण	रकम
१	कार्यक्रम खर्च वापतको रकम बढी भुक्तानी	२८००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		४०७४७२८५.०३	चालु खर्च		४७१५९२१३६.७
१. सञ्चित कोष	२३१५९६०७.२९		१. पालिका तर्फ	१९५८०४८७६.७	
२.धरौटी	१३२४८५६३		२. संघीय सशर्त	२७५१९०४१९	
३.कार्यसञ्चालन कोष	४३३९११४.७४		३. संघीय विशेष	०	
४. अन्य कोष			४. प्रदेश सशर्त	५९६८४१	
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय		३४२०४६४८.१९	पुँजीगत खर्च		१४४१०९३१२
२. आन्तरिक राजश्व नगरपालिका	२९२०२६६३.९७		१. पालिका तर्फ	६५६८५९६०	
२. राजश्व बाँडफाँट नगरपालिका	५००१९८४.२२		२. संघीय सशर्त	२८०८१७६४	
२. वित्तीय हस्तान्तरण (संघ)		५६८०२३६३५.१	३. संघीय विशेष	०	
क) समानीकरण अनुदान	११२६८१२८०		४. संघीय समपुरक (पालिका र संघ)	२३०२१३८५	
ख) राजस्व बाँडफाँट	१०७३०१५०४.१		५. प्रदेश सशर्त	१२७३७६१४	
ग) सशर्त अनुदान	३३६०६६५००		६. प्रदेश विशेष	१३२००००	
घ) समपुरक अनुदान	११९७४३५१		७. प्रदेश समपुरक	१३२६२५८९	
ङ) विशेष अनुदान			अन्तर सरकारी अख्तियारी (संघ)		१८१४९९७३३
च) रोयल्टी			क) सामाजिक सुरक्षा	१७३९४८७३३	
छ) अन्य			ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७५५१०००	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		४४८३१९१२.०२			
क) समानीकरण अनुदान	८३५८०००		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
ख) राजस्व बाँडफाँट	१३०७२२२९.०२		ऋण फिर्ता(साँवा)		
ग) सशर्त अनुदान	१४९०००००		ऋणको ब्याज भुक्तानी		
घ) समपुरक अनुदान	७१०६०९०		धरौटी फिर्ता तथा सदर स्याहा	१८४२८२२.९९	१८४२८२२.९९
ङ) विशेष अनुदान	१३९५५९३		कार्यसञ्चालन कोषबाट भएको खर्च	१६०५६७०	१६०५६७०
च) रोयल्टी			अन्य कोषबाट भएको खर्च		
छ) अन्य			गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
४. अन्तर सरकारी अख्तियारी (संघ)		१८१४९९७३३	अन्य सहयोगमा सञ्चालित योजना		
क) सामाजिक सुरक्षा	१७३९४८७३३		अन्य खर्च भएमा		
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	७५५१०००		अनुदान फिर्ता		
			१. संघ तर्फ		३२७४५०८९
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			क) सशर्त अनुदान	३२७४५०८९	
६. ऋण/ वित्तीय व्यवस्था			ख) विशेष अनुदान		
७. धरौटी आय	३५४८८८८.६	३५४८८८८.६	ग) समपुरक अनुदान		
८. कार्यसञ्चालन कोष आय	४४६५२२६	४४६५२२६	२. प्रदेश तर्फ		१५६५५४५
९. अन्य कोषको आय	७५५९३	७५५९३	क) सशर्त अनुदान	१५६५५४५	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			ख) विशेष अनुदान		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		४२४३६६११.८७
			१. सञ्चित कोषको मौज्दात	२०१९१४९२.५३	
			२. धरौटी	१४९५११९८.६	
			३. कार्यसञ्चालनकोष (विविध खर्च खाता)	६३०७०००.४८	
			४. अन्यकोष (आकस्मिक कोष खाता)	९८६९२०.२६	
जम्मा	८७७३९६९२०.९	८७७३९६९२०.९	जम्मा	८७७३९६९२०.९	८७७३९६९२०.९

पालिकाको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७० अनुसार गत वर्षको जिम्मेवारी रु.४,१०,७०,८७८/- रहेकोमा यस वर्षको म.ले.प. फारम नं. २७० अनुसार रु.४,०३,८२,८६०.०३ जिम्मेवारी सारेको देखिन्छ। घटी जिम्मेवारी सारेको रु.६,८८,०१८/- सम्बन्धमा पालिकाले यकिन गरी हिसाबमिलान गर्नुपर्दछ। त्यस्तै गरी, पालिकाको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं २७० अनुसार गत वर्षको नगद मौज्दात रु.४,१०,७०,८७८.५३ र आर्थिक वर्षको अन्तिम मौज्दात रु.४,३७,६३,६८2.१८ रहेकोमा उल्लिखित एकिकृत आय व्यय

विवरण अनुसार गत वर्षको जिम्मेवारी रु.४,०७,४७,२८५.०३ र आर्थिक वर्षको अन्तिम मौज्दात रु४,२४,३६,६११.८७ उल्लेख भएकोले दुई प्रतिवेदन बीचको मौज्दात फरक पर्नाको कारण पत्ता लगाई हिसाब मिलान गरी सुत्र प्रणालीमा हिसाब अद्यावधिक राख्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ नगद तथा बैंक मौज्दात विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय-व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नुपर्ने व्यवस्था छ। पालिकाको वित्तीय विवरण अनुसार स्रेस्ता र बैंक मौज्दात विवरण देहायअनुसार रहेको छ। लेखा प्रणालीको सिद्धान्त अनुसार मासिक रुपमा बैंक हिसाब मिलान विवरण तयार गरी स्रेस्ता तथा बैंक बमोजिम मौज्दात भिडान गर्नु पर्दछ। आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको बचत रकमको विवरण देहाय बमोजिम छः

बैंकको नाम	खाताको प्रकार	श्रेस्ता अनुसार बाँकी रु	बैंक अनुसार बाँकी रु
नेपाल बैंक लिमिटेड	ग १.१, आन्तरिक राजस्व खाता	०	२५६६३७१.८१
नेपाल बैंक लिमिटेड	ग १.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता	०	१०७९६५६.५७
नेपाल बैंक लिमिटेड	ग १.३, आन्तरिक अनुदान खाता	०	०
नेपाल बैंक लिमिटेड	ग २.२, चालू खर्च खाता- जोर वर्ष	०	१०७६२२०.
नेपाल बैंक लिमिटेड	ग २.३, विविध खर्च खाता	६३०७०००.४८	६३०७०००.४८
नेपाल बैंक लिमिटेड	ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०	५४१९६९९.
नेपाल बैंक लिमिटेड	ग ३.१, स्थानीय तह धरौटी खाता	१४९५११९८.६	१४९५११९८.६
नेपाल बैंक लिमिटेड	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	१७२०८४०४.५५	१२००७८७६.८६
नेपाल बैंक लिमिटेड	ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	४३१०१५८.२९	४३१०१५८.२९
नेपाल बैंक लिमिटेड	ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता	९८६९२०.२६	९८६९२०.२६
नेपाल बैंक लिमिटेड	ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	०	०
जम्मा		४३७६३६८२.१८	४८७०५१०१.८७

उपरोक्तानुसार स्रेस्ताभन्दा बैंकमा रु. ४९,४१,४१९ बढी मौज्दात रहेको देखिन्छ। स्रेस्ता र बैंक अनुसारको मौज्दात फरक भएकोमा बैंक हिसाब मिलान विवरण तयार गरी फरक पर्नुको कारण पत्ता लगाई हिसाब मिलान गरेको देखिएन। बैंक हिसाब मिलान विवरण तयार गरी हिसाब मिलान गर्नुपर्दछ। पालिकाले विद्युतीय भुक्तानी प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन। असार मसान्तमा सबै खाताहरुको हिसाबमिलान गरी बचत रकम सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा असार मसान्त पछि समेत पालिकाले निम्नअनुसार सञ्चित कोष खाताबाट ट्रान्सफर गरेको तथा विभिन्न खाताहरुमा रहेको रकम सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ।

- सञ्चित कोष खाताबाट रु. ३००००००.०० मिति २०८२/४/५ मा चालु खर्च खातामा ट्रान्सफर गरेको देखिन्छ।
- आन्तरिक राजस्व खातामा रहेको बैंक बाँकी रु. २५६६३७१.८१ मिति २०८२/४/४ मा सञ्चित कोष खातामा जम्मा गरेको देखिन्छ।
- बाँडफाँटबाट प्राप्त राजस्व खातामा रहेको बैंक बाँकी रु. १०७९६५६.५७ मिति २०८२/४/४ मा सञ्चित कोष खातामा जम्मा गरेको देखिन्छ।
- चालु खर्च खातामा रहेको बैंक बाँकी रु. ४७५७४७ मिति २०८२/४/४ मा सञ्चित कोष खातामा जम्मा गरेको देखिन्छ।
- पुँजीगत खर्च खातामा रहेको बैंक बाँकी रु. ४१६८११९ मिति २०८२/४/४ मा सञ्चित कोष खातामा जम्मा गरेको देखिन्छ।

पालिकाले विद्युतीय भुक्तानी प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरी असार मसान्तमा सबै खाताहरुको बचत रकम सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ बमोजिम संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्ष भित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकालाई यस वर्ष संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम मध्ये खर्च नभई बाँकी बजेट र फिर्ताको स्थिति देहाय बमोजिम छः

क्र.सं	**विवरण**	**निकासा रकम**	**खर्च**	**फिर्ता**
१.	नेपाल सरकार शशर्त अनुदान चालु	३०१५६६५००	२७५११९०४१९	२६३७६०८१
२.	नेपाल सरकार शशर्त अनुदान पुँजीगत	३४५००००००	२८१३०९९२	६३६९००८
३.	नेपाल सरकार समपुरक अनुदान	११९७४३५१	११९७४३५१	०
४.	नेपाल सरकार विशेष अनुदान	०	०	
५.	प्रदेश सरकार शशर्त अनुदान चालु	९०००००	५९६८४१	३०३१५९
६.	प्रदेश सरकार शशर्त अनुदान पुँजीगत	१४००००००	१२७३७६१४	१२६२३८६
७.	नेपाल सरकार समपुरक अनुदान	०	०	०

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **७५,५९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ भने नेपाल सरकारबाट प्राप्त अन्तर सरकारी अख्तियारी बमोजिमको लेखा नेपाल सरकारको विद्युतीय लेखा प्रणाली CGAS मा राख्ने गरेको छ। दुई प्रणालीमा लेखा राख्ने गरिएको र एकिकृत वित्तीय विवरण तयार गर्ने नगरेकोले वित्तीय विवरणले सबै कारोवार समेटेको देखिएन।यस वर्ष पालिकाको आय व्यय विवरणमा देहाय बमोजिम सामाजिक सुरक्षा तथा संरक्षण ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालु तथा पुँजीगत तर्फको रु.१८१४९९७३३ को आर्थिक कारोवार समेटिएको छैन। पालिकाको सबै प्रकृतिका कारोवार समेट्ने गरी एकिकृत वित्तीय विवरण तयार गर्नु पर्ने देखिन्छ।

क्र.सं.	बजेट उपशीर्षक	विवरण	वार्षिक बजेट	निकासा/खर्च
१	३१४०१०१२३	सामाजिक सुरक्षा कार्यक्रम	१७४५५०८४०	१७३९४८७३३
२	३७००० ११४४	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३८८६०००	३८८६०००
३	३७०००११४३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३६६८०००	३६६५०००
		जम्मा	१८२१०४८४०	१८१४९९७३३

६ **बजेट पारित तथा अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा सामाजिक सुरक्षा भत्ता समेत रु.८८ करोड ७९ लाख ९८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

७ **लक्ष्य तथा प्रगति**

स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ। कार्यालयले यस वर्ष पुँजीगत तर्फ रु.१८ करोड ८० लाख ३८ हजार बजेट व्यवस्था भएकोमा रु.१४ करोड ४१ लाख ५८ हजार (बजेटको तुलनामा ७६.५५ प्रतिशत) खर्च भएको छ। विनियोजित बजेट तोकिए बमोजिम खर्च गरी लक्ष्य हासिल गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

(रु हजारमा)

क्र.सं.	शीर्षक	बजेट	खर्च	प्रतिशत
१	गैर आवासीय भवन निर्माण/खरिद	९८००	६००२	६१.२४
२	मेशिनरी तथा औजार	२८५३	२५६३	८९.८३
३	फर्निचर तथा फिक्चर्स	२०००	७४७	३७.३५
४	सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च	१००	०	०
५	सडक तथा पूल निर्माण	९८५५३	७२५०४	७३.५६
६	तटबन्ध तथा बाँधनिर्माण	२८१०	२६५५	९४.४८
७	सिंचाई संरचना निर्माण	९२३०	८७६२	९४.९२
८	खानेपानी संरचना निर्माण	१२९९७	११६५५	८९.६७
९	सरसफाई संरचना निर्माण	२७५	२६६	९६.७२
१०	अन्य सार्वजनिक निर्माण	३८६४४	३४८२६	९०.१२
११	निर्मित भवनको संरचनात्मक सुधार खर्च	६२७५	४१४३	६६.०२
१२	भैपरी आउने पुँजीगत	४५००	०	०
	कुल जम्मा	१८८०३७	१४४१२३	७६.५५

८ **त्रैमासिक खर्च**

कार्यालयको लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयको पुँजीगत तर्फको यो वर्षको त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

क्र.स	बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु.हजारमा)				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
२	पुँजीगत खर्चतर्फ	१४४१५८	९६६०	३३११	२७२८०	१०३९०५	७३८२२
३	प्रतिशत	१००	९.७०	२.३	१८.९३	७२.०७	५१

उल्लिखित विवरण अनुसार कुल खर्चमध्ये प्रथम त्रैमासिकमा ९.७० प्रतिशत दोस्रो त्रैमासिकमा २.३० प्रतिशत, तेस्रो त्रैमासिकमा १८.९३ प्रतिशत, चौथो त्रैमासिकमा ७२.०७ प्रतिशत तथा आषाण महिनामा ५१ प्रतिशत बजेट खर्च भएको देखियो। यसरी आर्थिक वर्षको अन्त्यमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने भएकोले अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो।

९ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार विभिन्न योजनामा प्रतिस्पर्धाबाट बचत रकम तथा खर्च नहुने रकमबाट रु.१ करोड ६५ लाख ६५ हजार रकमान्तर गरी ७५ नयाँ कार्यक्रम स्वीकृत गरेको देखियो। रकमान्तर भएको रकम पालिकाको कुल बजेट (सशर्त बाहेक) रु.३० करोड १८ लाख २६ हजारको ५.४८ प्रतिशत रहेको छ। बचत बजेटबाट थप भएका ७५ योजना तथा कार्यक्रम मध्ये ७१ योजना तथा कार्यक्रम ५ लाख भन्दा कम लागतका रहेका छन्।

१० **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले स्थानीय जनताको लागि आवश्यक हुने नागरिकता, नाता प्रमाणित, घरबाटो, लगायतका सिफारिस गर्ने, जन्म,मृत्यू, विवाह, बसाई सराई लगायतका व्यक्तिगत घटना दर्ता गर्ने, नाता प्रमाणित गर्ने, सडक, सिँचाई, खानेपानी, आवास लगायतका भौतिक संरचना निर्माण तथा मर्मत संहार गर्ने काम कर्तव्य र अधिकार तोकिएको छ। पालिकाले यस वर्ष प्रवाह गरेका सेवा तथा निर्माण सम्पन्न गरेका भौतिक संरचनाको विवरण खुलाई वार्षिक प्रतिवेदन तयार गरेको देखिएन। लेखापरीक्षणको क्रममा सेवा प्रवाहको विवरण माग गरिएकोमा १०३७ व्यक्तिगत घटना दर्ता गरेको,२.२७८ कि.मी कालोपत्रे सडक निर्माण गरेको,०.५८९ कि.मी ढलान सडक निर्माण गरेको, ४ कि.मी सडक ग्रावेल गरेको,१.५ कि.मी नयाँ ट्र्याक खोलेको,६.८६ कि.मी सडक स्तरोन्नती गरेको,१.३ कि.मी पक्की सिँचाई नाला निर्माण र ४ विद्यालय भवन निर्माण गरेको विवरण प्राप्त भएको छ। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सबै सेवा र निर्माण कार्यको प्रगति विवरण तयार गरी समिक्षा तथा सार्वजनिकिकरण गर्नु पर्दछ।

११ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्ष दायित्व सिर्जना भएको भुक्तानी बाँकीको प्रमाणित विवरण पेश भएन। बजेट मा अ.ल्या आयोजनाहरु भनी विभिन्न योजना तथा क्रियाकलापको लागि भनी रु.१,२२,११,९४८.०० बजेट विनियोजन गरी रु.१,०८,०८,७७२.०० खर्च गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम छन्ः

१. पालिकाले गत विगत वर्षनै तत्काल सम्बन्धित खातामा दाखिला गर्नु पर्ने मूल्य अभिवृद्धि कर वापत कट्टी गरेको रकम रु.११,३८,५४८.०० र विपद् प्रभावितको आर्थिक सहायता औषधि उपचार सहायता समेत रु.६५००००.०० भुक्तानी बाँकीमा राखी दायित्व सिर्जना गरेको देखियो। यस प्रकारका रकम तत्काल भुक्तानी गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ।

२. कार्यालयले अ.ल्या योजनाहरु भनी दायित्व सिर्जना गरेका निम्न योजना तथा क्रियाकलापको रकम खर्च नभई बाँकी रहेको देखिएकोले भुक्तानी बाँकी यथार्थ परक देखिएन। गत वर्ष नै वस्तु वा सेवा प्राप्त भएको तर रकम भुक्तानी गर्न बाँकी रहेका कार्यहरुको मात्र भुक्तानी बाँकी दायित्व सिर्जना गर्नु पर्दछ।

क्र.सं.	संकेत नं.	विवरण	विनियोजन	खर्च
१	६५२.२१.१.३२९	राजस्व सुधार कार्ययोजा	५०००००	०
२	६५२.२१.१.३३२	राधा के.सी. राहत	१००००	०
३	६५२.२१.१.३५०	सि.सि.टि.भि बाल विद्या मा.वि	१०००००	०
४	६५२.२१.१.३५५	बुढादेबी मर्याङ्ग मोटरबाटो	२९१०००	०

१२ **पदाधिकारीको सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार लुम्बिनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ। पालिकामा रहेका पदाधिकारीको सुविधामा रु.१,१५,२४,००० खर्च हुनेमा यस वर्ष चैत्र सम्मको सुविधा वापत रु.९४,७४,००० भुक्तानी भएको छ। पालिकाले पदाधिकारी सुविधामा रु.१,२५,००,००० विनियोजन गरेकोमा चैत्र महिना सम्मको सुविधा मात्र भुक्तानी भएको देखियो। यस सम्बन्धमा सुत्र प्रणालीमा समस्या भएकोले भुक्तानी बाँकी रहेको कार्यालयको भनाई रहेको छ। यस वर्ष पालिकाको आन्तरिक आय रु.३ करोड १३ लाख १० हजार रहेको छ। पदाधिकारी सुविधा पालिकाको आन्तरिक आय रु. ३४४३१५३७। को ३६.८० प्रतिशत रहेको छ।

क्र सं.	सेवा सुविधा	प्रमुख	उपप्रमुख	वडाध्यक्ष १० जना	कार्यपालिका स. ८	सभा सदस्य.३४	जम्मा
१	यातायात खर्च	०	१४४०००	१४४००००	८५२०००	१४२८०००	३८६४०००
२	पुस्तक,पत्रीका, ईन्टरनेट	६००००	६००००	३६००००	३२४०००	८१६०००	१६२००००
३	टेलिफोन,मोबाइल	४८०००	४८०००	७२००००	२८८०००	१०२००००	२१२४०००
४	अतिथि सत्कार	७२०००	७२०००	८४००००	२१६०००		१२०००००
५	समन्वय /जनसम्पर्क	९६०००	९६०००		५५२०००	१२२४०००	१९६८०००
६	खानेपानी	६००००	६००००				१२००००
७	मर्मत संभार	६००००	६००००				१२००००
८	चाडपर्व खर्च	१५०००	१५०००	१२००००	८६०००	२७२०००	५०८०००
	जम्मा	४११०००	५५५०००	३४८००००	२३१८०००	४७६००००	११५२४०००

१३ **क्याम्पसलाई व्यवस्थापन अनुदान**

क्याम्पसलाई अनुदान: ३५९-०८१/३/०९(चालु) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ र प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ। त्यस्तै विद्यालय शिक्षामात्र स्थानीय सरकारको कार्यक्षेत्रमा पर्नेमा आफ्नो कार्यक्षेत्रमा नपर्ने स्वर्गद्धारी बहुमुखी क्याम्सलाई व्यवस्थापन सहयोग रु.१५ लाख अनुदान दिएको छ। नगरपालिकाको कार्य क्षेत्र बाहिर क्याम्पसलाई अनुदान दिएको रकम अनियमित देखिएको रु

अनियमित भएको	१५,००,०००

१४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

· सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• संस्थागत विद्यालयहरूको वर्गीकरण गरेको देखिएन।

उल्लिखित कमीकमजोरीहरु सुधार गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनुपर्दछ।

१५ **मालसामान खरिद प्रकृया**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ मा सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्ने, खरिद सम्बन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न बजारमा प्रचलित खरिद सम्झौताको जानकारी लिने, अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसामान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने, खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्ने, खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने, खरिद योजना तयार गर्न लगाउने, खरिदको लागत अनुमान तयार गर्ने, खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्ने, खरिद विधिको छनौट गर्ने उल्लेख छ। त्यस्तै नियम ८ मा वार्षिक १० लाख भन्दा बढीको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ। नियम ३१ मा २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, वा मालसामान वा जुनसुकै सेवा खरिद गर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने र नियम ८४ मा २० लाख सम्मको खरिद सिलबन्दी दरभाउपत्रबाट गर्ने सकिने व्यवस्था छ। यस वर्ष पालिकाको प्रशासनिक चालु तर्फ मसलन्द तथा कार्यालय सामाग्री र पुँजीगत तर्फ फर्निचरमा विनियोजित बजेट तथा खर्चको स्थिति देहाय बमोजिम छः

विवरण	खर्च शीर्षक	विनियोजन	खर्च
मसलन्द तथा कार्यालय सामाग्री	२२३११	४०,००,०००	४०,००,०००
मेसनरी औजार		२७,५०,०००	२४५९६२१

माथि उल्लिखित विवरण बमोजिम पालिकाले (विद्यालय, वडा कार्यालय र कार्यालयको लागि) मसलन्द तथा कार्यालय सामाग्री, मेसिनरी औजार तथा फर्निचरमा विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरी बोलपत्र वा सिलबन्दी दरभाउपत्रको आधारमा प्रतिस्पर्धाबाट खरिद गर्न सकिनेमा कार्यालयले खरिद योजना बेगर पटक पटक गरी खुला दरभाउपत्रबाट खरिद गरेका केही उदाहरण देहाय बमोजिम छन्ः

भौ.नं.	मिति	सप्लायर्स	भुक्तानी रकम
४३	२०८१-११-२	मार्स कम अडर एण्ड सप्पायर्स	५४६५५२
९२	२०८१-१२-१९	आयान ट्रेडर्स	४५४३७५
१२१	२०८२-२-१९	हेन्ड्रिका ईलेक्ट्रोनिक्स	२२२९४८

कार्यालयले वार्षिक विनियोजित बजेट र सामानको प्रकृति अनुसार प्याकेज तयार गरी रकमको परिमाण अनुसार तोकिएको खरिद विधि छनौट गरी माल सामान खरिद गर्नु पर्दछ।

१६ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.६ अनुसूची ११ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार वडागत र पालिकास्तरका कुल २०१ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.१० लाखमाथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि १० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाख सम्मका**
१.	पालिकास्तरीय	३७४	१२	२२	३४०

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । साना योजना तथा कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले छनौट तथा प्राथिकिकरण गर्नुपर्दछ।

१७ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत बढाउनुपर्ने देखिन्छ ।

(रकम रु.हजारमा)

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत कुल खर्चको तुलनामा
१	आर्थिकविकास	३२९५८	२६४११	४.२८
२	सामाजिक विकास	३९४५९७	३६५४७४	५९.३५
३	पूर्वाधार विकास	१२८७२०	९४५७८	१५.३६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२२९१२	१९७२६	३.२०
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१३३८११	१०९५१२	१७.७७
	जम्मा	७१२९९८	६१५७०१	१००

१८ **प्रशासनिक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। उक्त व्यवस्था बमोजिम कार्यालयको प्रशासनिक खर्च मितव्ययी हुनु पर्दछ। पालिकाले प्रशासनिक खर्चको छुट्टै लेखा नराखेकोले वर्षगत रुपमा विश्लेषण हुन सकेन। प्रशासनिक खर्च अन्तर्गतका केही खर्च शीर्षकको गत वर्ष र यस वर्षको खर्चको तुलनात्मक अवस्था देहाय बमोजिम छः

सि.नं.	**खर्च शीर्षक**	**खर्च शीर्षक**	**२०८१/८२को खर्च**	**२०८०/८१को खर्च**	वृद्धि प्रतिशत
१.	पानी तथा बिजुली	२२१११	७५००००	५८४५७३	२८
२	सञ्चार महसुल	२२११२	५२४२५५	७१३८६५	(२६)
३	इन्धन कार्यालय प्रयोजन	२२२१२	३७२८९०६	४७४२१३९	(२१)
४	सवारी साधन मर्मत	२२२१३	३४२४२३२	२५८६१०८	३२
५	मसलन्द सामाग्री	२२३११	३९९७८८५	४००००००	
६	पत्रपत्रिका,छपाई तथा सूचना	२२३१५	२१८५२२५	२४०००००	(९)
७	अनुगमन तथा मूल्याङ्कन खर्च	२२६११	१३९९७२७	११४०७७५	२२
८	भ्रमण खर्च	२२६१२	२६८९०००	२७७८०००	(३)
९	विविध खर्च	२२७११	२८४०४४७	२३७३०९१	२०
१०	संघ संस्थालाई आर्थिक सहायता र सन्देश मुलक सूचना	२१२१९	८६२५२६	९६०४३८	(१०)
११	अन्य भाडा	२८१४३	१४९९९६१	१५०००००	२८

प्रशासनिक खर्च सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

बजेट विनियोजनको आधार - पालिकाले वार्षिक बजेट तयार गर्दा कार्यालयको आवश्यकताको आधारमा मितव्ययी तरिकाले खर्च गर्नु पर्ने इन्धन, कार्यालय सञ्चालनको लागि आवश्यक मसलन्द, छपाई, विविध लगायतमा बजेट विनियोजन गर्दा सोको स्पष्ट आधार खुलाएको देखिएन। एउटा खर्च शीर्षकबाट भुक्तानी गर्नु पर्ने रकम अन्य शीर्षकबाट खर्च भएको देखिएकोले बजेट वास्तविकतामा आधारित भएको देखिएन।बजेट तर्जुमा गर्दा कार्यालयको कार्यप्रकृति अनुसार गरिने क्रियाकलाप सो सो क्रियाकलाप सञ्चालन गर्न

आवश्यक हुने सेवा तथा सामाग्री र सोको लागत यकिन गरी त्यस्ता वस्तु तथा सेवा प्राप्त गर्न आवश्यक रकम समावेश गरी बजेट तर्जुमा गर्नु पर्दछ।

खर्चको वृद्धि- गतवर्षको तुलनामा सञ्चार महसुल, ईन्धन कार्यालय प्रयोजन, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन र संघ, संस्थालाई आर्थिक सहायतामा खर्च घटेको भए पनि पानी तथा बिजुलीमा २८ प्रतिशत, सवारी साधन मर्मतमा ३२ प्रतिशत, अनुगमन तथा मूल्याङ्कनमा २२ प्रतिशत, विविध खर्चमा २० प्रतिशत र अन्य भाडामा २८ प्रतिशत खर्च वृद्धि भएको छ। ईन्धन कार्यालय प्रयोजनमा खर्चमा कमी आउनुमा यस वर्ष ब्याक हो लोडर सञ्चालन नभएकोले सो बापतको ईन्धन खर्च नहुँदा कमी देखिएको छ। त्यस्तै मोटर साईकल खरिद वापतको रकम विविधमा राखिएकोले गत वर्षको तुलनामा यस वर्ष खर्च वृद्धि भएको देखन्छ। अन्य खर्च शीर्षकमा गत वर्षको तुलनामा यस वर्ष खर्च वृद्धि हुनाको कारण खुलेको छैन।गत वर्षको तुलनामा खर्च रकममा वृद्धि भएमा वा कमी आएमा सोको कारण खुलाउनु पर्दछ।

भ्रमण खर्च- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख भएको छ। कार्यलयले यस वर्ष रु.२६,८९,०००.०० भ्रमण खर्चमा भुक्तानी गरेकोमा यस्तो खर्चको उपलब्धिको मूल्याङ्कन गरेको छैन। भ्रमण खर्च र सोबाट भएको उपलब्धिको समेत मुल्याङ्कन गर्नु पर्दछ।

विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।। पालिकाले यस वर्ष नगरपालिका तर्फ रु.२८,४०,४४७.०० विविध खर्च गरेको छ। यस वर्ष विविध खर्च गत वर्षको तुलनामा २० प्रतिशत वृद्धि भएको छ। विविध खर्चको रकम भुक्तानी गर्दा प्रयोजन खुलाएको देखिएन। विविध रकम खर्च गर्दा मितव्ययी तरिकाले खर्च गर्नु पर्दछ र यस्तो रकम खर्च गर्दा सोको प्रयोजन समेत खुलाउनु पर्दछ।

१९ आर्थिक सहायता

१९.१ विभिन्न संघ, विद्यार्थी संगठन, राजनितिक दलका तथा भ्रातृ संगठनआदिलाई अधिवेशनको लागि तथा अन्य विभिन्न कार्यकोलागि र पत्र पत्रिकामा सन्देशमूलक सूचना प्रकाशन गरे वापत रु.८,६२,६२६ खर्च गरेकोमा यस्ता प्रकारका खर्चबाट प्राप्त हुने उपलब्धिको मूल्याङ्कन गरेको छैन।सरकारी रकम खर्च गर्दा सोबाट प्राप्त हुने उपलब्धि समेत मूल्याङ्कन गर्नु पर्दछ।

१९.२ पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा तथा बजेट विनियोजन गरि आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विपद् व्यवस्थापन तर्फ विभिन्न संकेतमा रु.४९,५०,००० विनियोजन गरेकोमा पालिकाले विपद् प्रभावित व्यक्तलाई प्रदान गर्ने आर्थिक सहायता, दैवी प्रकोबाट गरिने आकस्मिक निर्माण कार्य र नियमित मर्मत संभार प्रकृतिका कार्यसमेत विपद् व्यवस्थापनबाट भुक्तानी गरेकोले वास्तविक रुपमा विपद्मा भएको खर्च खुल्ने अवस्था छैन। आकस्मिक दैवी प्रकोपको लागि गरिने निर्माण कार्य, नियमित प्रकृतिका मर्मत संभार कार्य र नगद तथा जिन्सी सहायताको क्रियाकलापगत रुपमा लेखा राखी व्यवस्थित गर्नु पर्दछ र व्यक्तिगत रुपमा प्रदान गरिएको नगद तथा जिन्सी सहायताको विवरण सार्वजनिकिकरण गरी पारदर्शिता कायम गर्नु पर्दछ।

२० करार कर्मचारी व्यवस्थापनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ९२ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.२ करोड ३९ लाख ९५ हजार खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) बमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद बाहेकका पदमा लोक सेवामा माग गरेको तर पूर्ति हुँदा सम्मको लागि अ.न.मी. ७, अहेव ७, असिस्टेन्ट सब इन्जिनियर २, सव इन्जिनियर २, खा.पा.स.टे. १ ना.प्रा.स कृषि ६, ना.प.शे.पा २, ल्याव असिस्टेन्ट २ जना गरी जम्मा ३० जना करार कर्मचारीको यस

वर्ष पनि म्याद थप गरी तलब भत्ता बापत रु.११७२८६१७।०० भुक्तानी गरेको देखिन्छ। साथै दरबन्दी बाहेकको ४ जना कम्प्युटर अपरेटर करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा रु. १७ लाख ७४ हजार ६६८ खर्च गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१७,७४,६६८

२१ प्रशासकीय संगठन र जनशक्तिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७२ जना पदपूर्ती भएको लेखा अधिकृत, शिक्षा अधिकृत, इन्जीनियर, लेखापाल सहित २२ पदहरु रिक्त रहेका छन्। रिक्त पदहरु आवश्यकता अनुसार पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।

२२ कल्याण कोषः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। साथै नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन बमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधी उपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषबाट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा साविकको स्थानीय तहबाट नगरमा समायोजन भएका (सामाजिक परिचालक र साविक स्थानीय तहबाट आएका) कर्मचारीहरुको तलबबाट रकम कट्टा नगरी नगरपालिकाबाट एकमुष्ट रुपमा १० लाख छुट्याएको देखियो ऐनमा व्यवस्था भए बमोजिम तलबबाट १० प्रतिशत कट्टा गरी सोही रकम बराबरले हुने रकम पालिकाबाट थप गरी कोषमा जम्मा गर्नुपर्दछ।

२३ छपाइ कार्यः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। साथै नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुँदा नं ५६(१)मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष प्युठान डायरी वार्षिक योजना पुस्तिका तथा विभिन्न रजिष्टरहरु छपाइ गरेवापत हाम्रो एकता अपसेट प्रेसलाइ रु. ४७६४७७।०० लाई भुक्तानी गरको देखियो। खरिद गर्नुभन्दा पहिला आवश्यक माग यकीन गरी छपाई गर्ने र मितव्ययिता कायम गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ। साथै नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुँदा नं ५६(१) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष प्युठान डायरी वार्षिक योजना पुस्तिका तथा विभिन्न रजिष्टरहरु छपाइ गरेवापत हाम्रो एकता अपसेट प्रेसलाइ रु. ४७६४७७।०० लाई भुक्तानी गरको देखियो। खरिद गर्नुभन्दा पहिला आवश्यक माग यकीन गरी छपाई गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

गो भौ नं र मिति	विवरण	भुक्तानी पाउने फर्म	भुक्तानी रकम
२७५।२०८०।११।०९	प्युठान डायरी ५०० थान ६५० को दरले	हाम्रो एकता अपसेट प्रेस	३२५०००।००
७४९।०२।२७	प्युठान डायरी १९५ थान ६५०को दरले	हाम्रो एकता अपसेट प्रेस	१४३२२७।००
२७५।२०८०।११।०९	योजना पुस्तिका छपाइ २७५ को दरले ३०० थान	हाम्रो एकता अपसेट प्रेस	८२५००।००

२४ बढी भुक्तानीः

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३,०७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२५ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली २०५९ नियम ७७(१) अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया पहाडी क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात १:४५ हुनुपर्ने व्यवस्था छ। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली(IEMIS) को तथ्याङ्क अनुसार पालिकाको ३९ विद्यालयमा कुल ८ हजार २ सय १० विद्यार्थी अध्ययनरत रहेको र शिक्षक संख्या १६८ रहेको छ। नमुना छनौटको आधारमा ४ विद्यालयको शिक्षक विद्यार्थी अनुपात विश्लेषण गर्दा २ विद्यालयमा नियमावलीले तोकेको भन्दा बढी विद्यार्थी संख्या र २ विद्यालयमा कम विद्यार्थी संख्या रहेको पाईयो। पालिकाले शिक्षक विद्यार्थी अनुपातलाई व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ।

विद्यालयको नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
जनता माध्यामिक विद्यालय बाग्दुला	२६	१५०२	१:५८
मुक्ति माध्यामिक विद्यालय रातामाटा	२८	११०९	१:४०
बाल शिक्षा प्राथमिक विद्यालय	१	१०	१:१०
सिद्धभूमि प्राथमिक विद्यालय	२	१२	१:६

२६ **पाठ्यपुस्तक अनुदान**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.४.६.२अनुसार सार्वजनिक विद्यालयका विद्यार्थीको लागि निःशुल्क पाठ्यपुस्तक व्यवस्थापनको लागि कक्षा १-१० का लागि शैक्षिक सत्र सुरु हुनुभन्दा ३ महिना अगावै विद्यालयको खातामा पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले यस आर्थिक वर्षमा ४९ वटा विद्यालयलाई पहिलो पटक ७५ प्रतिशतले हुन आउने रु४६ लाख ४४ हजार मिति २०८२।१२।९ मा विद्यालयलाई अनुदान दिएको छ। कार्यक्रम कार्यान्वियन कार्यविधि अनुसार निर्धारित समयमा अनुदान उपलब्ध गराई पाठ्यपुस्तकको सहज वितरणको व्यवस्था मिलाउन ध्यान दिनुपर्दछ।

२७ **बढी निकासा**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२८ **विद्यालय सुधार योजना अनुदान**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **७९५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२९ **सेनिटरी प्याड व्यवस्थापन**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क उपलब्ध गराउन सेनीटरी प्याड खरिद गर्दा विगतको मौज्दात अवस्था यकीन गरी आवश्यकता अनुसार मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालु आर्थिक वर्षमा ४१०१६ प्याकेट सेनीटरी प्याड खरिद वापत झरना ईन्टरप्राईजेज प्रा.लि. लाई रु.१३ लाख ९०

हजार ४ सय ४२ भुक्तानी गरेको छ। खरिद गर्दा विगतको मौज्दात यकीन नगरेको र गुणस्तर जाँच नभएको पाईयो। खरिद गरिएको सेनिटरी प्याड विद्यालयहरुलाई वितरण गरिएको छ। सेनिटरी खरिद तथा वितरण गर्दा विद्यालयमा रहेको विगतको मौज्दातको एकीन गरी खरिद गर्नुपर्ने र तोकिए बमोजिमको गुणस्तरीय सामान प्राप्त भए नभएको यकीन गर्नुपर्दछ।

३० **दिवा खाजा अनुदान**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाको लागि विद्यालयलाई शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा समावेश भई सत्यापन भएका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु.१५ का दरले अनुदान निकासा दिने व्यवस्था छ। पालिकाले देहायका विद्यालयलाई दिवा खाजा वापतको निकासा दिंदा विद्यार्थी संख्या भन्दा बढी दिएकोले उक्त रकम फिर्ता गर्नुपर्ने रु.

विद्यालयको नाम	EMIS अनुसार विद्यार्थी संख्या	निकासा विद्यार्थी संख्या	बढी रकम
जनता मा वि बाग्दुला	२६१	२७०	९ जनाको ६७ दिनको रु.९०४५
शिशु कल्याण प्रा वि	१०८	११४	६ जनाको रु. ५६४०
जम्मा			१४६८५

असुल गर्नुपर्ने	१४,६८५

३१ **पारिश्रमिक कर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१०,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **९,५९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **५,७९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२,९०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२,८८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **३,६८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३२ **औषधि खरिद**

नगरपालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने, गत वर्षको मौज्दात र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने

औषधिमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला पर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। चालु आर्थिक वर्ष पालिकाले संघीय शसर्त बजेट उप शीर्षकबाट रु.१३ लाख ६० हजार ६ सय १९ तथा नगरपालिका चालु खाताबाट रु ८ लाख ३४ हजार गरी रु २१ लाख ९४ हजार भुक्तानी दिएको छ। औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

३३ **तलबी प्रतिवेदन**

लुम्बिनी प्रदेश सरकारबाट जारी भएको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७०(४) मा स्थानीय सेवाका कर्मचारीको प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाइबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन भन्ने व्यहोरा उल्लेख छ। पालिकाले चालु आर्थिक वर्षमा तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य सेवातर्फ २९ जना कर्मचारीको रु.२ करोड ४१ लाख ७९ हजार र पालिकातर्फ कर्मचारीको रु. २ करोड ६१ लाख १६ हजार गरी जम्मा रु ५ करोड २ लाख ९५ हजार भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तथा घटी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने हुँदा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३४ **न्यानो झोला कार्यक्रम**

आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन र सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार तोकिएको स्पेसिफकेसन अनुसारको न्यानो झोला खरिद गर्नुपर्ने र सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ६ बर्थिङ सेन्टरमा चालु आर्थिक वर्षमा ९५ थान खरिद गरी जम्मा रु ८५३४३ भुक्तानी भएको र ८५ थान वितरण भई १० थान मौज्दात रहेको छ। साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा हास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

३५ **सामाजिक सुरक्षा भत्ता फिर्ता**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **११,२८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३६ **कोष तथा धरौटी**

३६.१ पालिकामा रहेका विभिन्न कोष तथा धरौटीको आम्दानी तथा खर्चको विवरण देहाय बमोजिम छः

विवरण	**गत वर्षको बचत**	**यस वर्ष प्राप्त**	**खर्च**	**बाँकी**
प्रकोष व्यवस्थापन कोष	०	१०००००	१०००००	०
विविध खर्च खाता	३०९३३६२४८	४७१९३०८	१५०५६७०	६३०७०००
आकस्मिक कोष खाता		९८६९२०.२६	०	९८६९२०.२६
धरौटी खाता	१३२४८५६३.००	३५४८८८४.६०	१८४६२४९.००	१४९५११९८.६०

३६.२ **विविध खर्च खाताः** पालिकाको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७० अनुसार विविध खर्च खाता (ग-२-७) मा गत वर्षको मौज्दात रु.३०,९३,३६२.४८ रहेकोमा यस वर्ष रु.४७,१९,३०८ प्राप्त तथा रु.१५,०५,६७०.०० खर्च भई रु.६३,०७,०००.४८ बाँकी रहको देखिन्छ। तर कार्यालयको स्रेस्ता तथा बैंक स्टेटमेन्ट अनुसार गत वर्षको सुरु मौज्दात रु.३३,५२,१९४.४८ रहेको र यस वर्ष सडक

बोर्डबाट रु.२९,२८,७२६.०० कर्मचारी कल्याण कोष वापत रु.१०,००,००० र स्रोत नखुलेको समेत रु.४,३६,५००.०० आम्दानी भएको र सो मध्ये रु.१४,१०,४२०.०० खर्च भई रु.६३,०७,०००.४८ बैंक मौज्दात रहेको छ। गत वर्ष बचत रहेको र यस वर्ष बैंक जम्मा भएको रकम रु.४,३६,५०० को स्रोत नखुलेको, कर्मचारी कल्याण वापत रु.१० लाख रकम विनियोजनबाट ट्रान्सफर गरिएकोमा सोको छुट्टै कोष खडा नगरिएको, स्रेस्ता अनुसार खर्च जनाईसकेको धरौटी रकम रु.२९,८६५.०० र कर रु.८९६०.०० सम्बन्धित खातामा ट्रान्सफर नभई बैंकमा बाँकी रहेको लगायतका कैफियत देखिएका छ। कार्यालयले बैंक हिसाब मिलान विवरण तयार गरी बैंकमा जम्मा भएको सबै रकमको प्रयोजन तथा स्रोत पत्ता लगाई आम्दानी बाध्ने नगरेको र भुक्तानी दिएका सबै रकम सम्बन्धित खातामा ट्रान्सफर भए नभएको यकिन गरी स्रेस्ता अद्यावधिक नगरेकोले बैंक तथा स्रेस्ता बमोजिमको रकम फरक परेको छ। बैंक हिसाब मिलान विवरण तयार गरी स्रेस्ता अद्यावधिक गर्नु पर्दछ। साथै धरौटी र कर बापतको रकम सम्बन्धित खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३८,८२५

३७ उपभोक्ता समितितर्फका योजना

३७.१ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, जनसहभागितामूलक, श्रममूलक एवं रोजगार सिर्जना गर्ने कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत उपभोक्ता समितिबाट सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाहरुको कूल लागतको अधिकांश अंश डोजर, एक्साभेटर लगायतका हेभी मेशिनको हुने गरेको र सो बापतको भुक्तानी उपभोक्ता समितिले निर्माण व्यवसायीलाई गर्ने गरेको पाइयो ।जसका केही उदाहरण देहाय बमोजिम छन ।

भौ.नं. र मिति	योजनाको नाम/ उ . स .	निर्माण व्यवसायी	बजेट खर्च
२७ (पालिका पुँजीगत)	वडा भित्रको सम्पर्ण मोटरबाटो सरसफाइ उ. स .	त्रिनेत्र ब्रदर्श कन्सट्रक्सन एण्ड सप्लायर्स, लेकाली निर्माण सेवा , के . टी . एम निर्माण सेवा	७७६०००
३६ (पालिका पुँजीगत)	प्यूठान न. पा . वडा नं . ८ सम्पूर्ण मोटरबाटो मर्मत तथा संरक्षण	शिशिर निर्माण सेवा	५८२०००
८३ (पालिका पुँजीगत)	कैनेरी बाहुनडाँडा थपकोट मोटरबाटो वडा नं. ८ उ . स .	शिशिर निर्माण सेवा	२४२५००
१०४ (पालिका पुँजीगत)	सेपुङ्ग रिची मोटरबाटो स्तरोन्नति उ. स .	स्वर्गद्वारी महाप्रभु बिल्डर्स	२८८१५३
१७१ (पालिका पुँजीगत)	कल्लेरी भूमिस्थान मिजार टोल हुदै तार्किचौर सडक	त्रिनेत्र ब्रदर्श कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा. लि .	३५४६८२
२८ (पालिका पुँजीगत)	वडाका सडकहरु मर्मत सम्भार वडा नं ३	न्यू स्वगद्वारी निर्माण सेवा	६६८१६५
९० (पालिका पुँजीगत)	वडाका सडकहरु मर्मत सम्भार वडा नं. ५	पदमा कन्सट्रक्सन	८७३०००
६३ (पालिका पुँजीगत)	वडा भित्रका मोटरबाटो मर्मत तथा सम्भार	सुर्य कन्सट्रक्सन	७९३७४०
	जम्मा रु.		४५,७८,२४०।

३७.२ **सडक मर्मत कार्य**

गो.भौ.नं. २४।२०८१।८।१० सार्वजिनक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले वडा नं.३ को विभिन्न पहिरो गएको स्थलमा माटो कटिङ गर्ने योजनाका लागि सडक मर्मत सम्भार उपभोक्ता निर्माण समिति वडा नं. ३ सँग सम्झौता गरेकोमा भिरालो जमिनमा सडक मर्मत गर्ने तथा पहिरोस्थलमा माटो काटी सडक मर्मत गर्ने कार्यका लागि वास्तविक Cross section ड्रइङ (Autocad प्रयोग गरी) मापन गर्नुपर्ने वा औषतमा TriangularCross section लिएर परिमाण मापन गर्नु पर्नेमा सो नगरी सडक मर्मत सम्भार उ.नि.स. वडा नं. ३ लाई भुक्तानी गरेको देखियो। बक्स कटिङ गरेको चेनेजबाहेकका अन्य भिरालो देखिएको स्थानमा TriangularCross section लिएर परिमाण मापन नगरेकोले निम्नअनुसार बढी भुक्तानी देखिएको रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको रु.

बाटो	कुल कटिङ परिमाण घ.मि.	स्लोप कटिङ भुक्तानीमा भुक्तानी दिएको घ.मि.	स्लोप कटिङमा भुक्तानी हुने घ.मि.	बढी भुक्तानी परिमाण
महेश प्रतिक्षालय साँपडाँडा जुँगखोला मन्द्रिचौर	२४७०	१६५५.२	११०३.४६	५५१.७३
रहुत टोल भरंगा	४८१.०५	४८१.०५	३२०.७	१६०.३५
भरंगा कुवापानी चौतारा	८५२	८५२	५६८	२८४
ओखरबोट भित्रीबाटो	८०५.७५	८०५.७५	५३७.१६	२६८.५८
जुवांग खोला दमरेली बस्ती	१५०७.८७	१५०७.८७	१००५.२४	५०२.६२
परियार टोल सित्तल पोखरी	५४९.६	५४९.६	३६६.४	१८३.२
सापडाडा मोड देखि सेपुग	९७६.८७	९७६.८७	६५१.२४	३२५.६२
			बढी भुक्तानी घ.मि.	२२७६
			भुक्तानी दर	७९.१
			बढी भुक्तानी रु.	१८००४०

असुल गर्नुपर्ने	१,८०,०४०

३७.३ **बजेट मार्गदर्शनको पालना**

लुम्बिनी प्रदेश सरकारले आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सम्बन्धमा सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय र मातहतका निकायहरुलाई च.नं. ८९ मिति २०८१।५।१४ को परिपत्र अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण (सशर्त, समपुरक र विशेष अनुदान) प्राप्त भएका कार्यक्रमहरु प्रदेश सरकारको श्रोतमा देखा परेको चापको कारणले गर्दा आ.व. २०८१/८२ मा रु. ५ लाख वा सो भन्दा बढीको स्वीकृत सबै कार्यक्रमहरु प्याकेजिङ गरी अनिवार्य रुपमा सार्वजनिक प्रतिस्पर्धा गराएर मात्र कार्यक्रम कार्यान्वयन गर्न गराउन निर्देशन दिइएको देखिन्छ। चालु आ.व ०८१/०८२ मा प्युठान नगरपालिका प्रदेशतर्फका योजनाहरु पहिलो चरणमा प्रतिस्पर्धा गरी खरिद गरेकोमा रकम बचत भई उक्त रकम प्रदेश सञ्चित कोषमा फिर्ता नगरी पुन: दोश्रो पटक बचत रकमबाट निम्न अनुसार प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको नियमसंगत नदेखिएको रु.

योजना	ठेक्काबाट गरेको			निर्माण व्यवसायी/ उ . स .	सोझै खरिद	
	लागत अनुमान	कबोल	घटी%		लागत अनुमान	कबोल/ खर्च
खरिबोट आमडाँडा दाङ ढुङ्गा लिफ्ट खानेपानी योजना, वडा नं १०	५७४०८६४	४७७७८९३	१६.७७	त्रिनेत्र ब्रदर्श कन्सट्रक्सन एण्ड सप्लायर्स	९९६७९०	९९२४७९
साँडेखोला सेपुङ ओखरबोट सडक स्तरोन्नति	२५८९५८१	१६२३३१२	३७.३१	साँडेखोला सेपुङ ओखरबोट सडक स्तरोन्नति उ. स .	११३९९७४	१०५३०००
क्वाडी लिंक रोड निर्माण तथा स्तरोन्नति वडा नं. २	२१५१८४२	१४४४१८८	३२.८६	ताज कन्सट्रक्सन एण्ड सप्लायर्स	७५३१६९	७५०४९०
भालुवाङ मुख्य सडक जुम्री देखि झिमरुक करिडोर मोड्ने सडक निर्माण तथा स्तरोन्नति प्युठान न. पा . २	१६९९५०३	११७७३१७	३०.७२	विएम निर्माण सेवा	५९३७१४	५९१०८४
			जम्मा रु.		३४,८३,६४७।	३३,८७,०५३।

अनियमित भएको	३३,८७,०५३

३७.४ **नापी किताबमा जडान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पाईपलाईन वितरणका लागि प्राविधिक नापी किताब अनुसार विभिन्न साईजका HDPE पाईप Transmission Line तथा Distribution लाईनका लागि खरिद गरेको देखियो । योजनामा खरिद गरेको पाइपभन्दा नापी किताबमा खन्ने तथा पुर्ने कार्य बढी गरेको नापी किताबमा देखियो। खरिद पाइप भन्दा खन्नेपुर्ने कार्यको बढी भुक्तानी भएको देखिन्छ। सो सम्बन्धमा कार्यालयले यकिन गरी असुल गर्नुपर्ने रु.

गोभौनं./ मिति	योजना	खन्ने पुर्ने कार्य बापत भुक्तानी (घ . मि .)	खन्ने पुर्ने कार्य बापत भुक्तानी हुने (घ . मि .)	बढी भुक्तानी परिमाण (घ . मि .)	बढी भुक्तानी दर	रकम
१२१। २०८२। २।१	भिरखुट्टी स्यालपाखा खा. पा . मर्मतका लागि उ . स . तर्फ पाइप खरिद १००० मि . रहेकोमा ११२० मि . खन्ने पुर्ने कार्य	१००.८	९०	१०.८	८२९.६७	८९६०
१०। २०८१। ६।१६	आँपपाटा मजुवा गुरिगाँउ खानेपानी योजनाका लागि उ. स . पाइप खरिद ६०९८ मि .(NS-40, Kg/m अनुसार) रहेकोमा ६२३३ मिटर खन्ने पुर्ने कामको भुक्तानी	८७२.६२	८५३.७२	१८.९	८१५.४१	१५४११
		जम्मा रु.				२४,३७१।

असुल गर्नुपर्ने	२४,३७१

३७.५ **प्राकृतिक स्रोतको प्रयोग**

नगरपालिकाको मिति २०८१।९।२५ को कार्यपालिका बैठक निर्णय नं ९ मा नगरपालिका क्षेत्रका संघ, प्रदेश र स्थानीय योजनाहरुमा ढुङ्गा माटोको उपयोगबापत राजस्व लिने निर्णय गरेको देखिन्छ। पालिकाले संघ, प्रदेश र स्थानीय योजनाहरुमा Local Quarry Site बाट ढुङ्गा गिट्टी माटो के कति प्रयोग भए सोको अनुगमन गरी उपयोगबापतको राजस्व लिएको देखिएन। उपभोक्ता समितिहरुले Local

Quarry Site को ढुङ्गा प्रयोग गरेको योजनाका केही उदाहरण निम्नअनुसार छन् । पालिकाले सो बापतको रोयल्टी असुल गरेको देखिएन।

गोभौनं./मिति	योजना	खानीको ढुङ्गा प्रयोग घ. मि .	रोयल्टी दर प्रति घ. मि .	रकम
२०।२०८१। ६।२१	भुसवाङ पहिरो नियन्त्रण उ. स . वडा नं . ९ / १०	४१९.५	२११.८६	८८८७५.
२१७।२०८२। ३।१७	भुसवाङ्ग पहिरो नियन्त्रण उ. स .	१००	२११.८६	२११८६.
१९२।२०८२। ३।१०	जोत्रेपाटा कुरुवा वासखोला पुण्य खोला स. ज मो उ . स . वडा नं . ७ (Plum, Gabion र Stone filling)	५२.३८	२११.८६	११०९७.
	जम्मा रु.			१,२१,१५८।

३७.६ **उपभोक्ता समितिको काम**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन समितिले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गराउनुपर्ने, नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ। समितिले उपभोक्ता समितिबाट गराएका कार्यहरुमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् :

प्राविधिकले योजनाको Labor and Material Breakdown नगरेको, उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको,

• समितिले उपभोक्ता समितिमार्फत कार्य गराउदा निर्माण सामग्रीहरुमा जिल्ला दररेटमा मूल्य अभिवृद्धि कर थप गरी लागत अनुमान तयार गर्ने गरेकोमा उपभोक्ता समितिले घटी विजक तथा मू.अ. कर पेश गर्ने गरेको देखिएकोले निर्धारित दरविश्लेषण तथा नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन,

• नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण गराएको देखिएन साथै योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरुलाई योजना हस्तान्तरण भएको देखिएन,

• एउटै आयोजना बर्षेनी खण्ड खण्डमा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने गरेको तथा एकै योजनामा स्थानीय तहलगायतका अन्य निकाय र समितिबाट खण्ड-खण्डमा कार्य हुने गरेकोमा सो को एकीकृत आयोजनागत खर्च विवरण र एकीकृत नापी तयार नगरेको,

• स-साना भवन जस्ता संरचनामा केही खण्डको मात्र कार्य गराई कार्य सम्पन्न तयार गर्ने गरेको,

• कतिपय आयोजनामा फलाम प्रयोग भएकोमा नापी किताबमा एकमुष्ट परिमाण राखी भुक्तानी गरेको,

• विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको बजेट कार्यान्वयन गराउने र बजेट कार्यान्वयनको अनुगमन गर्ने, भुक्तानी गर्ने, अधिकार रहेकोमा विद्यालयलाई प्राप्त हुने भौतिक पूर्वाधार निर्माण अनुदान सम्बन्धी रकम उपभोक्ता समितिबाट कार्यान्वयन गराउदा कतिपय विद्यालयले छुट्टै निर्माण उपभोक्ता समिति गठन नगरी विद्यालय व्यवस्थापन समितिका पदाधिकारी आफै उपभोक्ता समितिमा बसेर काम गर्ने गरेको देखिन्छ। कानुनत: बजेट कार्यान्वयन गराउने र बजेट कार्यान्वयनको अनुगमन गर्नुपर्ने विद्यालय व्यवस्थापन समिति आफै निर्माण कार्यको उपभोक्ता समितिको रुपमा कार्य गर्नु नियमसंगत देखिदैन।

• उपभोक्ता समितिबाट पेश भएका विल भरपाई सम्बन्धमा आन्तरिक लेखापरीक्षणबाट समेत देहाय बमोजिम कैफियत औंल्याएको देखियो। उपभोक्ता समितिले पेश गरेको विल भरपाई नियमनानुसार भए नभएको सम्बन्धमा कार्यालयबाट यकीन गर्नुपर्दछ।

गो भौ नं र मिति	विवरण	रकम	कैफियत
२४।२०८१।८।१०	वडा नं ३ को सडक मर्मत गर्ने कार्य	६६८१६५	भ्याट विलमा कोटेशन बमोजिम घण्टा र दर नखुलेको
३३।२०८१।११।१	वडा नं १० को सडक मर्मत गर्ने कार्य	७२७५००	भ्याट विलमा कोटेशन बमोजिम घण्टा र दर नखुलेको
३५।२०८१।११।१	वडा नं ७ को सडक मर्मत गर्ने कार्य	२४२०००	ढुङ्गा गिट्टी बालुवा टिपको दर नखुलेको
३६।२०८१।११।१	वडा नं ८ को सडक मर्मत गर्ने कार्य	५८२०००	कोटेशनमा पेश भएको दररेट अनुसारको भ्याट विल जारी नभएको
५४।२०८१।११।६	वडा नं ६ को सडक मर्मत गर्ने कार्य	२१५५६०	कोटेशनमा पेश भएको दररेट अनुसारको भ्याट विल जारी नभएको
१०७।२०८२।१।११	वडा नं १ मा मन्दिर निर्माण कार्य	३८८०००	अनुगमन प्रतिवेदनमा २ जनाको मात्र हस्ताक्षर रहेको

उपभोक्ता समिति परिचालन सम्बन्धी देखिएका उपरोक्त कमजोरीहरु समयमै सुधार गरी उपभोक्ता समिति परिचालन कार्यलाई थप प्रभावकारी बनाइनु पर्दछ ।

३७.७ पहिरोसफा गर्ने कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा उल्लेख भएअनुसार निर्माण कार्यको लागत अनुमान तयार स्वीकृत नर्म्सबमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न योजनाहरु सञ्चालन गर्दा सम्बन्धित कार्यहरुका लागि स्वीकृत विभागीय नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नु पर्दछ। सडक विभागको नर्म्स नं.२९.१९ मा मेसिन प्रयोग गरी पहिरो हटाई बाटो सफा गर्ने कार्यका लागि आवश्यक नर्म्स व्यवस्था भएकोमा सो अनुसार नगरी जिल्ला दररेट अनुसार भुक्तानी गरेको देखियो। नर्म्स प्रयोग गरी पालिकाको स्वीकृत दररेट विश्लेषण नगर्दा पालिकालाई निम्न अनुसार बढी व्ययभार परेको देखिएको रु.

गोभौनं./मिति	योजना	परिमाण घ. मि .	DOR को नर्म्स अनुसार भुक्तानी हुने	भुक्तानी दर	रकम
२०।२०८१।६।२१	भुसवाङ पहिरो नियन्त्रण उ. स . वडा नं . ९ / १०	४४०	५३	७६.०८	१०१५५.
२७।२०८१।८।११	वडा भित्रका सम्पूर्णबाटो सरसफाइ उ. स . वडा नं . ४	११४३५	५३	७३.९५	२३९५६३.
३६।२०८१।११।१	प्युठान नगरपालिका वडा नं ८ सम्पूर्णबाटो मर्मत उ स	८१३८	५३	७९.१	२१२४०१.
२४।२०८१।८।१०	सडक मर्मत सम्भार उ. नि . समिति वडा नं ३	९४०१.५२	५३	७९.१	२४५३८०.
९०।२०८१।१२।२८	विभिन्न मोटरबाटो मर्मतसम्भार वडा नं ५	१२२८२	५३	७९.१	३२०५६०.
२१७।२०८२।३।१७	भुसवाङ्ग पहिरो नियन्त्रण उ. स .	२१४८	५३	७९.१	५६०६३.
६३।२०८१।११।११	वडा भित्रका मो. बा . मर्मत तथा सम्भार उ . स . वडा नं . ९	१०६०८	५३	७९.१	२७६८६९.
२१/ २०८२।२।२१ (संघसशर्त)	रानी कुलो गोर्खे कुलो साना सिचाइ मर्मत, डल्ले उ . स .	११७६	५३	६५.४५	१४६४१.
	जम्मा रु.				१३,७५,६३२।

एउटै सडका विभिन्न खण्डहरुमा पहिरो सफा गर्ने कार्य र सडक मर्मत कार्य हुने गरेकोमा कतिपय नापि किताबमा काम गरेको स्थानको स्पष्ट चेनेज खुलाउने नगरेकोले काममा दोहोरोपना भए नभएको यकिन समेत हुन नसक्ने अवस्था रहेको, उपभोक्ता समितिले माग गरेको कोटेशनहरुमा उल्लेख भए अनुसार निर्माण व्यवसायीले पेश गरेको कर बिजकमा परिमाण र दर उल्लेख हुने नगरेको जस्ता कमजोरीहरु देखिएकोले सोमा सुधार हुनुपर्ने देखिन्छ।

अनियमित भएको	१३,७५,६३२

३८ **सार्वजनिक जग्गाको भोगाधिकार**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११(छ) मा स्थानीय तहको अधिकारसम्बन्धमा पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक, ऐलानी र पर्ती जग्गाको संरक्षण र सुरक्षा गर्नुपर्ने उल्लेख छ। त्यस्तै गरी दफा ९७(२) अनुसार सामुदायिक तथा सार्वजनिक सम्पत्ति नेपाल सरकारको स्वीकृतिबेगर अरु कुनै बेहोराले हक हस्तान्तरण गर्न नमिल्ने व्यवस्था छ। पालिकाले २०८१।७।३० को कार्यपालिकाको १३०औ बैठकको निर्णयले वडा नं. २ अन्तर्गत चिल घुम्ने डाँडामा १०० घन मिटरको रिजर्भवयर ट्याङ्की रहेको करिव १ रोपनी जग्गा र सोही चिल घुम्ने डाँडा देखी माधी ५० घन मिटर ट्याङकी रहेको करिव ८ आना जग्गा र सो चिल घुम्ने डाँडा देखी माथी पानी प्रशोधनको लागी निर्माणाधिन ट्याङकी र प्रशोधन स्थल रहेको करिव ४ रोपनी जग्गा साथै प्युठान नगरपालिका वडा नं. २ झिमरुक किनारामा बनेको सम्पोयल र पाले घरले चर्चेको करिव १ रोपनी सार्वजनिक जग्गा र निकट दिनमा निर्माण हुने नयाँ सम्पोयलले ओगट्ने करिव ८ आना जग्गा गरी कुल ७ रोपनी जग्गा बृहत विजुवार साना सहरी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था विजुवार प्यूठानलाई ५० वर्ष सम्मको लागी भोगाधिकार दिने गरी निर्णय गरेको देखियो।निर्णयमा प्रचलित कानुन बमोजिमको प्रकृया पुर्‍याइ भोग गर्न दिने उल्लेख भएकोमा नेपाल सरकारको स्वीकृति प्राप्त भएको प्रमाण पेश भएन। सामुदायिक तथा सार्वजनिक सम्पत्तीको भोगाधिकार दिँदा नेपाल सरकारको स्वीकृति प्राप्त हुनु पर्दछ।

३९ **खरिद मूल्यांकन समितिको बैठक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **२१,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२१,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **२१,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१९,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२१,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४० **लिफ्ट खानेपानी योजना प्यूठान , १०**

ठेक्का नं. ११/Mun/२०८१/८२/K-WSSP खरिबोट आँमडाँडा दाङ ढुङ्गा लिफ्ट खानेपानी योजना प्यूठान न पा १० का लागि पालिकाले यस वर्ष रु. ५७,४०,८६४ को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेको देखिन्छ। उक्त ठेक्का लागत अनुमानभन्दा १६.७७% घटी रु.४७,७७,८९३ मा निर्माण व्यवसायी त्रिनेत्र ब्रदर्श कन्सट्रक्सन एण्ड सप्लायर्सले कबोल गरी मिति २०८२।१।३० सम्ममा कार्यसम्पन्न गर्ने गरी २०८१।७।१० मा सम्झौता भएको देखिन्छ। यस सम्बन्धी देखिएका व्यहोराहरु निम्न छन्:

४०.१ **कार्यस्वीकार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(२क) निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। त्रिनेत्र ब्रदर्श कन्सट्रक्सन एण्ड सप्लायर्ससँग रु.४७,७७,८९३ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा अन्तिम रनिङ बिलसम्म रु.३२,५९,७७७(मू.अ.करसहित) अर्थात ६८.२२% मा कार्यस्वीकार प्रतिवेदन तयार भएको देखियो। योजना भौतिक रुपमा उद्देश्यअनुरुप सञ्चालन योग्य रहेको कार्यालयले जनाएको छ।

४०.२ **भेरिएसन आदेश**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले भेरिएसन आदेश स्वीकृत गरेको देखिएन। योजनाको सर्भे तथा डिपिआर तयार गर्दा सो लिफ्ट खानेपानी योजनामा प्रयोग गरिने तार ASCR Conductor तय गरिएकोमा योजना कार्यान्वयनको चरणमा स्थानिय बासिन्दाहरुले सो तार बस्तीको नजिकबाट लान नदिने प्रतिकृया पश्चात नेपाल विद्युत प्राधिकरणको परामर्शमा कालो ABC Cable ४५० मिटर तार थप गर्नुपर्ने भएकोले लागत अनुमान संशोधन हुने देखिएकोमा पालिकाले भेरिएसन आदेश जारी नगरी काम गरेको देखिन्छ। विस्तृत परियोजना प्रतिवेदन तयार गर्दाको समयमै यस्ता विषयमा पर्याप्त विश्लेषण गर्नुपर्दछ। वास्तविक काम लागत अनुमान भन्दा घटी वा बढी भएको अवस्थामा नियमानुसार भेरिएसन आदेश स्वीकृत गर्नुपर्दछ।

४१ **धरमानी भित्रीकोट मोटरबाटो**

४१.१ **कार्यतालिका बमोजिम कार्यप्रगति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) अनुसार खरिद कार्य सम्झौता अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनुभन्दा २१ दिन अगावै संशोधित कार्यतालिका, म्याद थप गर्नुपर्ने कारण र अन्य आवश्यक कागजातसहिन निवेदन दिनुपर्ने व्यवस्था छ। अन्यथा सोही नियमावलीको नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति

लिएर कामसम्पन्न गराउने व्यवस्था छ। क्याम्पस टाकुरा पाखाडेरा धरमानी भित्रीकोट मोटरबाटो (12/Mun/2081/82/C-Road) का लागि सिराफ विल्डर्स एण्ड सप्लायर्ससँग मिति २०८२।१।३० सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०८१।९।७ मा रु. १,१८,४४,०७९ (मू.अ. करसहित) को सम्झौता भएकोमा हालसम्म पहिलो रनिङ मात्र जारी भई कुल रु.२४,९९,१९८(मू.अ. करसहित) भुक्तानी भएको देखिन्छ। सम्झौता रकमको तुलनामा कार्यसम्पन्न गर्नुपर्ने अवधिसम्ममा २२.०९% मात्र वित्तीय प्रगति भएको र म्याद थप पनि नभएको अवस्था देखिन्छ। निर्माण व्यवसायीबाट अद्यावधिक कार्यतालिका माग गर्नुका साथै Delay Analysis गरी निर्माण व्यवसायीको कारण ढिला भएको देखिएमा पूर्वनिर्धारित क्षतिपूर्ति लगाइ नियमावलीमा व्यवस्था भए बमोजिम कार्यसम्पन्न गराउनुपर्दछ।

४१.२ पेस्की जोखिम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा भएको व्यवस्था अनुरुप सम्झौता अनुसार दिइएको मोविलाईजेशन पेस्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेस्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले क्याम्पस टाकुरा पाखाडेरा धरमानी भित्रीकोट मोटरबाटो (12/Mun/2081/82/C-Road) का लागि सिराफ विल्डर्स एण्ड सप्लायर्सलाई मिति २०८१/१०/१७ र मिति २०८१/११/४ मा गरी दुई किस्तामा जम्मा रु.२०,००,००० पेस्की दिएकोमा मिति २०८२।२।१९ मा प्रथम रनिङ बिल भुक्तानी गर्दा पहिलो किस्ता रु. १०,००,००० पेस्की फर्स्यौट भई दोस्रो किस्ता रु.१०,००,००० पेस्की हालसम्म फर्स्यौट हुन नसकेको अवस्था छ। वित्तीय प्रगति समेत न्यून रहेको र निर्माण व्यवसायीले पेश गरेको प्राइम कमर्सियल बैंक, कमलपोखरी, काठमाडौंको रु.१००००००० को पेस्की जमानत 019-25-001AG को म्याद २०८२।१। २८ मा समाप्त भएको देखिन्छ। पेस्की लगेर कार्यतालिका बमोजिम कार्यप्रगति नगरेकोले पेस्की जोखिममा रहेको देखिन्छ। कार्यालयले पेस्की रकम ब्याज सहित असुल गर्नु पर्ने रु.

पेश्की	१०,००,०००

४२ मरन्ठाना चक्रपथ कालोपत्रे

ठेक्का नं. 6/Mun/2081/82/M-Road मरन्ठाना चक्रपथ कालोपत्रेको लागि विजय शिशिर जेभीसँग मिति २०८२।१।३० सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०८१।९।३ मा रु. १,९८,०५,३५८ (मू.अ. करसहित) को सम्झौता भएकोमा अन्तिम रनिङ बिलसम्म कार्यसम्पन्न भई कुल रु.१,७३,४८,७०२(मू.अ. करसहित) भुक्तानी भएको देखिन्छ। यस सम्बन्धी थप बेहोरा निम्न छन्:

४२.१ ढिला बिमा गरेको

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **९९,७१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४२.२ जालीको बढी भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१०३,४९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ पहिरो सफा गर्ने काम

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा

उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले पहिरो सफा गर्ने तथा बाटो मर्मत गर्ने कार्यका लागि स्वीकृत नर्म्सको आधारमा दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्ने तथा वास्तविक नापजाँच गरी कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्नेमा निम्नबमोजिमका कामको लागि जिल्ला दररेटको आधारमा प्रति घण्टाका दरले भुक्तानी भएको देखियो। पालिकाले सोझै खरिद विधिबाट २०८१।४।२६ देखि २०८१।६।२० सम्म १० वटै वडामा काम गर्ने गरी तीन वटा फर्मसँग सम्झौता गरेको देखिन्छ। भुक्तानी गर्दा काम गरेको चेनेज, काम भएको समय खुल्ने टाइम सिट प्रमाणित गरी समावेश गरेको समेत नदेखिएकोले काममा दोहोरोपना भए नभएको यकिन गर्न सकिएन। प्रतिस्पर्धा सिमित गरी खरिद गरेको चेनेज नखुलाइ भुक्तानी दिएको नियमित नदेखिएको रु.

गोभौनं./मिति	काम	निर्माण व्यवसायी	घण्टा	भुक्तानी दर (मू . अ . कर सहित)	भुक्तानी रकम
२२४ पालिका पुँजीगत	पहिरो सफा गर्ने कार्य (सबै वडा)	सूर्य कन्सट्रक्सन	३८४.२८	२४६३	९४६६४१
९६ पालिका चालु	पहिरो सफा गर्ने कार्य (सबै वडा)	स्वर्गद्वारी निर्माण सेवा	१४८.१५	२४७२	३६६२६१
९७ पालिका चालु	पहिरो सफा गर्ने कार्य (सबै वडा)	लेकाली निर्माण सेवा	४००	२४७२	९८९८८०
	जम्मा				२३०२७८२

अनियमित भएको	२३,०२,७८२

४४ **एजविल्ट नक्सा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४५ **Sill Lintel नघटाएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले देहायको Brick Masonary को काममा Sill/ Lintel नघटाएको नापी किताबबाट देखिएकोले सोबापत बढी भुक्तानी भएको रकम यकिन गरी असुल गर्नुपर्ने देखिएको रु.

गो. भौ . संघ सशर्ततर्फ	योजना	निर्माण व्यवसायी/ उ . स .	Sill Lintel परिमाण	Brick Masonary Rate	बढी भुक्तानी
२७/ २०८२।३। २१	जनता मा वि बास्कोट ४ कोठे भवन निर्माण	जनता मा वि बास्कोट ४ कोठे भवन निर्माण उ. स .	५.९२	१६४५०	९७३८४
२५७ (नपा), १९ , ४१	धर्मावती मा वि २ कोठे भवन निर्माण	धर्मावती मा वि २ कोठे भवन निर्माण उ. स .	१.६४	१५२७२	२५०४६
२५/ २०८२ / ३ / २१	भुवनेश्वरी मा वि ४ कोठे भवन योजना	भुवनेश्वरी मा वि ४ कोठे भवन योजना उ. स .	२.८८	१४३९८	४१४६६
	जम्मा				१६३८९६

असुल गर्नुपर्ने	१,६३,८९६

४६ **डि पि आर खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार बोलपत्र, सिलबन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले देहाय अनुसारका योजनाहरुको डिपिआर तयार गरी रु. ९ लाख ९५ हजार खर्च गरेको देखिएकोमा लेखापरीक्षणबाट निम्न व्यहोरा देखिएका छन्।

क्र.सं.	योजना	परामर्शदाता	ल. इ .(रु . हजारमा)	सम्झौता (रु . हजारमा)	खरिद विधि	कार्यन्वयमा अवस्था
१	धर्मावती स्वास्थ्य चौकी भवन	लुम्बिनी इन्जिनियर्स एण्ड रिसोर्स प्रा. लि .	४९९७१८	४९७५३९	सोझै	कार्यान्वियन हुन बाँकी
२	५ नं. वडाको स्वास्थ्य चौकी भवन	रेसुङ्गा ट्रेनिङ्ग एण्ड मल्टिप्रपोज प्रा. लि .	४९९७१८	४९७७०८	सोझै	कार्यान्वियन हुन बाँकी
		जम्मा	९९९४३६	९९५२४७		

• **नर्म्स स्वीकृति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा भवन निर्माणको डिपिआर सम्बन्धमा हाल सम्म कुनै नर्म्स तथा मापदण्ड स्वीकृत गरेको देखिँदैन।

• डिपिआर तयार गर्ने सम्बन्धमा कुनै मापदण्ड नभएकोले जुन सुकै योजनाको समेत डिपिआर बन्ने गरेको कारण पालिकाको योजनाहरुमा आर्थिक लागत बढेको अवस्था छ। डिपिआर तयार गर्दा आन्तरिक जनशक्ति परिचालन नहुने गरेको अवस्था देखिन्छ। कति लागत वा कति क्षमताको योजना अथवा कति समयमा पुरा हुने योजनाको छुट्टै डिपिआर गर्न आवश्यक हुने वा नहुने सम्बन्धमा पालिकाले मापदण्ड बनाइ कार्यान्वियन गर्न आवश्यक देखिन्छ। साथै जटिल जियोटेक्निकल अध्ययन आवश्यक नपर्ने योजनाहरुको हकमा हालसम्म बनेका डिपिआरहरुको ड्रइङ डिजायन तथा लागतलाई प्रोटोटाइपको रुपमा प्रयोग गरी पुनरुत्पादन गरेर डिपिआरको लागत न्यूनीकरण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ।

• **पारिश्रमिक लागत**- पालिकाले शहरी विकास तथा भवन निर्माण विभागले तोकेको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ। उक्त पारिश्रमिक सेवा सुविधा नेपाल सरकारको मासिक तलब स्केलभन्दा करिब दोब्बर बढी देखिन्छ। पालिकाले आफ्नै दररेट निर्धारण गरी यस्ता खर्चमा आवश्यक नियमन गर्नुपर्ने देखिन्छ।

• **विज्ञसँगको सम्झौता** – डिपीआर खरिद गर्दा योजनाको कार्यक्षेत्र अनुसार आवश्यक विज्ञहरु मात्र समावेश गर्नुपर्ने तथा सम्बन्धित विज्ञहरुबाट गर्नुपर्ने कामका सम्बन्धमा कार्यक्षेत्रगत शर्तमा उल्लेख हुनुपर्दछ । विभिन्न विज्ञहरु समावेश भएकोमा सबै विज्ञहरुको कामका सम्बन्धमा कार्यक्षेत्रगत शर्तमा उल्लेख भएको देखिएन। परामर्शदाताले विभिन्न विज्ञहरुको व्यक्तिगत विवरण प्रस्ताव गरेको भएता पनि प्रस्तावित विज्ञहरुसँगको करार सम्झौता पेश नभएकोले उल्लेखित अनुभव भएका विज्ञहरुबाट तोकिए बमोजिम कार्यसम्पन्न भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था रहेन। पालिकाले आन्तरिक जनशक्तिबाट गराउन सकिने काम बाह्य परामर्शदाता नगराउने तथा बाह्य परामर्शदाता गराएको अवस्थामा विज्ञहरुको संलग्नता सुनिश्चित गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

• **कार्यक्षेत्रगत शर्तको पालना** –डिपिआर तयारीका लागि परामर्शदातासँग सम्झौता भएकोमा कार्यक्षेत्रगत शर्तमा उल्लेख भए अनुसार विभिन्न मितिमा क्रमश: इन्सेप्सन रिपोर्ट, ड्रफ्ट रिपोर्ट र फाइनल रिपोर्ट बुझाउनुपर्ने, त्यस माथि सिलसिलेवर छलफल गरी तथा सम्बन्धित विज्ञसँग परामर्श गरी अन्तिम प्रतिवेदन जारी हुनुपर्ने उल्लेख भएकोमा एकै पटक फाइनल प्रतिवेदन पेश गरेको देखियो। यसमा सुधार गर्नुपर्ने देखिन्छ।

४७ **परामर्श सेवा खरिद**

४७.१

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हालसम्म नर्म्स स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको दैनिक भ्रमण भत्तामा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । यस वर्ष पालिकाले देहाय अनुसारका कार्यहरुका लागि विनियोजित बजेट बराबरकै लागत अनुमान तयार गरी लागत अनुमानकै हाराहारीमा परामर्शदातासँग सम्झौता भई सूचीकृत परामर्शदाताबाट सोझै प्रस्ताव माग गरी रु.९९५५३० खर्च गरेको देखिन्छ ।

गो. भौ . नं .	कार्यक्रम	परामर्शदाता	लागत अनुमान	कुल परामर्श खर्च
१०८३।२०८२।३।२५ चालु	कृषि मूल्य श्रृंखला अध्ययन र बजार संयन्त्र विश्लेषण	नेपाल सेन्टर फर इन्टिग्रेटेड डेभलपमेन्ट	४९७२००	४९७२००
१०८३।२०८२।३।२५ चालु	स्थानीय विपद प्रतिकार्य योजना	आँखीझ्याल रिसर्च हब प्रा. लि .	४९८३३०	४९८३३०
	जम्मा			९९५५३०

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नअनुसार छन्:

नर्म्स तथा कार्यक्षेत्रगत शर्त

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा मन्त्रालयबाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था छ।

• यस्ता योजना तर्जुमा सम्बन्धमा कुनै पनि नर्म्स तयार गरेको देखिएन।

• पालिकाले कार्यक्षेत्रगत शर्त तयार गरी सो अनुसार कार्य क्षेत्र एवं कार्यविवरण स्पष्ट गरेको देखिएन।

• विभिन्न मितिमा क्रमश: इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट र फाइनल रिपोर्ट बुझाउनुपर्ने, त्यस माथि सिलसिलेवर छलफल गरी तथा सम्बन्धित विज्ञसँग परामर्श गरी कार्यपालिकाबाट समेत योजनाको अन्तिम प्रतिवेदन स्वीकृत हुनुपर्नेमा एकै पटक फाइनल प्रतिवेदन पेश भई भुक्तानी भएको देखिन्छ।

• क्षेत्रगतरुपमा के कस्ता विज्ञहरु चाहिने र उनीहरुको योग्यता, पारिश्रमिक, अनुबन्ध तथा करार पेश गर्ने सम्बन्धमा कुनै व्यवस्था नगरी पारिश्रमिक तोकिएको देखियो।

• डाटा संकलन, प्रतिवेदन लेखन, खानाबास खर्च, यातायात, पारिश्रमिक लगायतको खर्च रकम नेपाल सरकारले तोकेको मापदण्ड भन्दा बढी देखिएकोले पालिकाले त्यस्ता खर्च मितव्ययी हुने गरि मापदण्ड तयार गर्नुपर्ने देखिन्छ।

वास्तविक आवश्यकता, उपयोगिताका आधारमा मात्र परामर्श सेवा खरिद गर्ने र विभिन्न अध्ययन विश्लेषणका कार्य गरी प्रतिवेदन तयार गर्दा आन्तरिक जनशक्ति समेत परिचालन गरी मितव्ययीता कायम गर्नुपर्दछ।

४७.२ **स्थानीय विपद प्रतिकार्य योजना**

स्थानीय विपद प्रतिकार्य योजना तयारीका लागि आँखीझ्याल रिसर्च हब प्रा.लि.सँग मिति २०८२।२।१६ मा सम्झौता भई ३० कार्यदिनमा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा परामर्शदाताको तर्फबाट पेश भएको प्रस्तावमा २ महिनाको कार्ययोजना (Work Schedule) पेश भएको देखिन्छ। परामर्शदाताले एकै महिनामा कार्यसम्पन्न गरी रु.४९८३३० भुक्तानी भएको अवस्था देखिएकोले कार्ययोजनाअनुसार काम भएको विषयमा विश्वस्त हुन सकिएन। दुई महिना कार्यदिनको कार्ययोजना पेश गरी एक महिना मात्र कार्य भएको देखिएकोले कार्ययोजना बमोजिम काम भएको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

४७.३ **कृषि मूल्य श्रृंखला अध्ययन र बजार संयन्त्र विश्लेषण**

कृषि मूल्य श्रृंखला अध्ययन र बजार संयन्त्र विश्लेषण तयारीका लागि नेपाल सेन्टर फर इन्टिग्रेटेड डेभलपमेन्ट सँग मिति २०८२।२।१६ मा सम्झौता भइ ३० कार्यदिनमा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा मिति २०८२।३।१८ मा रु.४९७२०० भुक्तानी भएको देखिन्छ। कृषि मूल्य श्रृंखला अध्ययन र बजार संयन्त्र विश्लेषणबाट पालिकाले प्राप्त गरेको उपलब्धि र औचित्य पुष्टि हुनुपर्दछ।

४८ **गत वर्षको भुक्तानी दिन बाँकी**

गो.भौं. नं. १०/२०८१।६।१६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९(५)(क) स्थानीय संञ्चित कोषबाट सभाले सञ्चित कोषबाट खर्च गर्ने गरी स्वीकृत गरेको वार्षिक बजेट बमोजिमको रकम मात्र खर्च गर्न मिल्ने व्यवस्था छ । आपपाटा मजुवा गुरिगाउ खानेपानी योजनाका लागि पालिकाको गाउँसभाले पारित गरेको विनियोजन ऐन, २०८१ तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन २०८१।८२ अनुसार प्रमाणित भुक्तानी बाँकी रु.१७,९४,५०० रहेकोमा पालिकाले रु.१८,५०,००० भुक्तानी गरेकोले बढी भुक्तानी देखिएको रु.५५५०० असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५५,५००

४९ **मरन्ठाना चक्रपथ कालोपत्रे (5/Mun/2080/81/Road)**

ठेक्का नं. 5/Mun/2080/81/Road मरन्ठाना चक्रपथ कालोपत्रे योजनाका लागि रेहान निर्माण सेवासँग मिति २०८२।८।३० सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०८०।१०।८ मा रु. ७३,५२,७८६ (मू.अ. करसहित) को सम्झौता भएकोमा रु. ७०,४८,६५२(मू.अ. करसहित) को कार्यस्वीकार प्रतिवेदन तयार भएको देखिन्छ। यस सम्बन्धी थप बेहोरा निम्न छन्:

४९.१ **घटी अवधिको कार्यसम्पादन जमानत-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । देहायको योजनामा पालिकाबाट म्याद थप भएको अवस्थामा व्यवसायीबाट सोही अनुसार अवधिको कार्यसम्पादन जमानत पेश नभएकोले जमानतको म्याद थप गराउनुपर्दछ।

योजनाको नाम	ठेक्का नं.	कार्यसम्पादन जमानत कायम म्याद	कार्यस्वीकार मिति	कार्यसम्पादन जमानतको थप्नु पर्ने म्याद	जमानत रकम
मरन्ठाना चक्रपथ कालोपत्रे	(5/Mun/2080/81/Road)	२०८२।३।३०(ADBL,Dang PB/190/0029/5212/24)	२०८१।८।३०	२०८२।९।३०	१२४४०००

४९.२ **बढी भुक्तानी**

६।२०८१।१२।७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा सरकारी रकम भुक्तानी गर्दा जिम्मेवार व्यक्तिले रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले रेहान निर्माण सेवालाई ठेक्का नं. 5/Mun/2080/81/Road मरन्ठाना चक्रपथ कालोपत्रे योजनाको दोस्रो वा अन्तिम रनिङ बिल भुक्तानी गर्दा प्राविधिक बिलका आधारमा अन्तिम रनिङ बिलबाट भुक्तानी दिनुपर्ने रु.४४,०१,२५७ रहेकोमा पालिकाले गत वर्षको पहिलो रनिङ बिलको भुक्तानी दिन बाँकी भनी रु.२४६३९५ थप गरी रु.४६,४७,६५३ भुक्तानी गरेको देखियो। गत वर्षको पहिलो रनिङ बिलको भुक्तानीको अवस्था हेर्दा रु.२६,४७,३९४ को प्राविधिक बिल उठेकोमा गो.भौ.नं. १३/२०८१/३/९ बाट रु.२४,००,००० र गो.भौ.नं. २२४/२०८१/३/१० बाट रु.२,४७,३९४ गरी कुल रु.२६,४७,३९४ भुक्तानी भइसकेको देखियो। अन्तिम रनिङ बिल भुक्तानी गर्दा प्राविधिक बिलभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,४६,३९५

५०	**पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको गत वर्षको फर्स्यौट हुन बाँकी पेस्की बाँकी रु. ४६७२५ रहेको छ। यस वर्ष म्याद म्याद नाघेको पेस्की रु.१०७६००० फर्स्यौट हुन बाँकी रहेको देखिन्छ। उक्त पेस्की नियमानुसार फर्स्यौट हुनुपर्ने रु.

पेस्कीको विवरण	पेस्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	चालु आ. व.		गत आ. व.सम्मको	
		म्याद ननाघेको	म्याद नाघेको	म्याद ननाघेको	म्याद नाघेको
अनुगमन, मूल्यांकन खर्च	लेख बहादुर विष्ट				४६७२५
विविध	ओम प्रकाश पोख्रेल		५००००		
ग वर्गको अपांग भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता	ग्लोबल आईएमई बैक लिमिटेड		४५०००		
वडा नं ५ को ग र घ वर्गको सामाजिक सुरक्षा	शाइन रेशुँगा डेभलवमेन्ट वैक		३५००००		
ग वर्गको अपांग भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता	शाइन रेशुँगा डेभलवमेन्ट वैक		७००००		
ग वर्गको अपांग भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता	ज्योति विकास बैक बाग्दुला		१६१०००		
बुटवल पावर कम्पनीको विद्युत महसुल थप	बुटवल पावर कम्पनी लिमिटेड		४०००००		
	जम्मा		१०७६०००		४६,७२५.००
				पेश्की	१०,७६,०००

५१	**शिक्षक तलब अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९ मा नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारले कुनै योजना कार्यान्वियन गर्न प्रदेश वा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ र सोही व्यवस्था अनुसार पालिकामा रहेका विद्यालयको स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापतको रकम सशर्त अनुदानको रुपमा निकासा प्रदान गर्ने गरेको छ। कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ बमोजिम स्थानीय तहले कार्यरत शिक्षकको तलबभत्ता निर्धारण गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०५/०४ को निर्णयको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट पुनर्वितरित शिक्षक दरबन्दी विवरणअनुसार खुद पुलमा रहेका दरबन्दी मिलान गर्न बाँकी रहेका शिक्षकको तलब भत्ता स्थानीय तहमा विनियोजन नगरिएकाले शिक्षक दरबन्दी मिलान गर्न बाँकी रहेका स्थानीय तहले आव २०८१।८२ को प्रथम त्रैमासिकभित्र मिलान कार्यसम्पन्न गरी सोको प्रतिवेदन केन्द्रमा पठाएपछि मात्र सो रकम निकासा गर्नुपर्ने व्यवस्था छ। अनुदानमा नपुग भएमा आधार र औचित्यसमेत उल्लेख गरी अनुसूची-१ अनुसारको फाराम भरी प्रमाणित गराई २०८१ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय ईकाइमा पठाउने र शिक्षा विकास तथा समन्वय ईकाइले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गरी यकिन गर्ने र यकिन भएको विवरण अनुसार तलब भत्ता अपुग हुने देखिएमा सिफारिस साथ २०८१ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव सोत विकास केन्द्रको योजना तथा अनुगमन शाखामा पठाउनुपर्ने व्यवस्था छ। स्थानीय तहले नपुग हुने तलबभत्ता माग गर्दा दरबन्दी मिलान गरी स्थानीय तहका लागि कायम भएको दरबन्दी सङ्ख्या तथा तथा ईकाइबाट दरबन्दी मिलानका क्रममा थप भएको शिक्षक दरबन्दी सङ्ख्या भए सो समेत एकीकृत गरी सोको प्रमाणित प्रति समेत अनिवार्य राखी पठाउनुपर्नेमा पालिका अन्तर्रगत ४९ विद्यालयमा कुल १०२६९ विद्यार्थी रहेकोमा पालिकाले सशर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरबन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरबन्दी यकिन नगरी सशर्तका अतिरिक्त यसवर्ष पालिका अन्तर्गतका विद्यालयहरुलाई ९८

शिक्षकका लागि रु.२ करोड ३१ लाख ९२ हजार उपलब्ध गराएको देखियो। विद्यालयमा शिक्षकको तलब भत्ता लगायतका सुविधा संघीय सरकारबाट सशर्त अनुदानको रुपमा उपलब्ध गराएको हुँदा कार्यक्रम कार्यान्वियन कार्यविधिले तोके बमोजिमको उल्लिखित प्रकृया पुरा गरी आवश्यक हुने नपुग रकम संघीय सरकारबाट निकासा माग गरी खर्च गरी विद्यार्थी शिक्षक अनुपात मिलाएर शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

५२ **वितरणमुखी तथा अनुत्पादक खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा केही खर्च वितरणमुखी तथा अनुत्पादक प्रकृतिका देखियो। कार्यविधिवेगर वितरणमुखी तथा अनुत्पादक कार्यक्रममा खर्च गर्दा सो बाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिँदैन। तसर्थ यस्ता किसिमका वितरणमुखी तथा अनुत्पादक खर्चलाई नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।नमूना परीक्षणबाट देखिएका केही उदाहरणहरु देहाय बमोजिम छन् ।

गो भौ नं मिति	विवरण	भुक्तानी रकम
८६।०७।०८	रोपाइ जात्राको लागि जात्रा व्यवस्थापन उपभोक्ता संरक्षण समिति	५००००
६२।०६।२०	तीज मेला व्यवस्थापन वापत सहारा महिला बहद्वेश्यीय सहकारी संस्था	५००००
११२३।०३।२५	राष्ट्रिय लोक बाजा भजन संरक्षण विकास समिति	६००००
१११८।०३।२५	मातृभूमि टोल विकास संस्था साडी खरिद	३००००
१०८५।०३।२५	सत्य माध्यमिक विद्यालय	१००००
१००८।०३।२४	मातृभूमि टोल विकास संस्था	५००००

५३ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) प्रविष्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४७ वटा सहकारी संस्था रहेकोमा यस वर्ष कुनै पनि सहकारीहरुको अनुगमन नगरेको पालिकाले जनाएको छ। साथै पालिका भित्रका २२ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण प्रविष्टी गरेको पाईएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण प्रविष्टि गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

५४ **बढि भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५५ **ट्र्याक सेट खरिदः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **२२४,५५८**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५६ **राहत वितरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिम राहत वितरण गरेकोमा राहत माग गरेको निवेदन, वडाको सिफारिस,के कस्तो खालको विपद हो सो खुल्ने प्रमाण लगायतका कागजातहरुको साथै राहत बुझेको प्रमाण कागजात संलग्न नगरी भुक्तानी गरेको पाइयो। अतः राहत वितरणको प्रमाण कागजात पेश गर्नुपर्ने देखिएको रु.

सि नं	विवरण	भुक्तानी रकम
१	पालिकाले भौचर नं ३७।०६।१५ बाट प्रविण इन्टरप्राइजेजलाइ आगलागी पिडितको लागि राहत भनी सिरक, डसेना, ब्लाङ्केट लगायत खरिद	१३७२६५।००
२	पालिकाले भौचर नं २१४।१०।२९ बाट जेदा कुमारीलाइ राहत	३००००।००
३	पालिकाले भौचर नं २१५।१०।२९ बाट विभिन्न १३ जनालाइ राहत	१६५०००।००
	जम्मा	३३२२६५।००

प्रमाण पेश नगरेको	३,३२,२६५

५७ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा ८५ वटा मुद्दा मध्ये ५४ फर्स्योट भई २४ बाँकी रहेको छ। समितिमा परेको उजुरीको तोकिएको समयमा टुङ्गो लगाउने तथा सोको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ।

५८ **भुक्तानी बाँकी दायित्व प्रमाणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९(१५) मा भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये स्वीकृत दरबन्दीको तलब, महंगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधी उपचार बिरामी र बन्दीको सिधा, सेवा निबृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसंग भएको सम्झौताको खर्चको भुक्तानी बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा सूचना प्रणालीमा प्रविष्ट गराइ भुक्तानी दिन सक्ने उल्लेख छ। पालिकाको गो भौ नं १६६।०८।११ बाट पालिकाले भुक्तानी दिन बाँकीको प्रमाण संलग्न नगरी विष्णु प्रसाद पोखरेलको गत आर्थिक वर्षको फिल्ड भत्ता रु. ५००००।०० भुक्तानी गरेको नियमसंगत नदेखिएको रु.

अनियमित भएको	५०,०००

५९ **विज्ञापन कोष**

विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम विज्ञापन वापतको रकम भुक्तानी गर्दा भुक्तानी रकमको तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गो भौ नं ८२ २०८०।०७।०७ बाट ग्राउण्ड मिडिया हाउस प्रा.ली. लाई बोलपत्र

वापतको सूचना प्रकाशन गरे वापत रु. ६३०००।०० भुक्तानी गरेकोमा तीन प्रतिशतले हुने रकम कट्टा नगरी भुक्तानी गरेको पाइयो। अतः दाखिला गर्न छुट भएको रकम असुल गरी सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,८९०

६० **निर्माणतर्फको खरिद अभिलेख व्यवस्थापन**

कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन। साथै कार्यालयले डिएलपी मा रहेका योजनाको अभिलेख राख्ने गरेको पाइएन।

खरिद तथा ठेक्का अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९ (२) मा उल्लिखित कागजातहरू संलग्न राख्नु पर्ने तथा नियम १४९ (३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ। पालिकाले खरिद कार्यको अभिलेख व्यवस्थित गरी राखेको देखिएन ।

ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ तथा ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

गुणस्तर व्यवस्थापन

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वतता योजना पेश गरेको छैन ।

निर्माण तर्फको अभिलेख व्यवस्थापन सम्बन्धमा देखिएको उपरोक्त कमी कमजोरीहरु सुधार गरी अभिलेख व्यवस्थापनलाई सुदृढ तथा प्रभावकारी बनाउनु पर्दछ।

६१ **लिलाम विक्री**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०६(१) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ती तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्री प्रक्रिया सुरु गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनमा मोटरसाईकल २, डेक्सटप कम्प्युटर ११, ल्यापटप १७ थान लगायतका मालसामान लिलाम बिक्री गर्नुपर्ने औंल्याएको छ। जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम बिक्री गर्नुपर्ने भनी औंल्याएको मालसामान लिलाम बिक्री गर्नुपर्दछ।

६२ **पारिश्रमिक करः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१२,०५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **९,७१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **२,८४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **४,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१६** को निर्णयले रू **२,८६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम स्थानीयतहमा सूचीकृत बेराजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुका विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र रोजगार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। यस कार्यक्रम अन्तर्गत पालिकाका १० वडामा २० योजना सञ्चालन गरी यस वर्ष ६८ जनालाई औसत १०० दिनले ६८०० दिन रोजगारी उपलव्ध गराई रु.४६ लाख ७८ हजार ४०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ।

६४ **आय ठेक्का**

६४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) घ (६) मा पालिकाले आफ्नो क्षेत्र भित्र ढुङ्गा, गिट्टी, बालुवा बिक्री गरी शुल्क संकलन गर्न सक्ने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम पालिकाले यस वर्ष ढुँङ्गा, गिट्टी, बालुवा उत्खनन तथा संकलनको लागि देहाय बमोजिम ४ ठेक्का व्यवस्था गरेको छ।

ठेक्का नम्बर	नाम	कबोल रकम मु.अ.कर बाहेक	संझौता रकम मु.अ.कर बाहेक	मु.अ.कर	जम्मा सम्झौता रकम	दाखिला रकम
१	यु एण्ड वाई विल्डर्स	३०९८०४९.४९	३०९८०४९.४९	४०२७४६	३५००७९५.४९	३५००७९५.४९
२	प्रतिभा निर्माण सेवा	३०२०८५२.८८	३०२०८५२.८८	३९२७१०	३४१३५६२.८८	३४१३५६२.८८
३	सूर्य विक्रम निर्माण सेवा	२४७७७९६.३०	२१३१८८४.६	२७७१४५.	२४०९०२९.६०	२४०९०२९.६०
४	संघर्ष निर्माण सेवा	१३६२७३४.४६	१३६२७३४.४६	१७७१५५.४७	१५३९८८९.९३	१५३९८८९.९३
	जम्मा	९९५९४३३.१३	९६१३५२१.४३	१२४९७५६.४७	१०८६३२७७.९	१०८६३२७७।९

६४.२ **मु.अ.कर वापतको रकम-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ (१) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच मूल्य अभिवृद्धि कर रकम बाँडफाँट गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्ने उल्लेख भए बमोजिम पालिकाले उल्लिखित ठेक्काबाट प्राप्त मूल्य अभिवृद्धि कर वापतको रकम रु.१४,१६,४३६.०० उक्त कोषमा दाखिला गरेको देखिएन। ऐनमा भएको व्यवस्था बमोजिम मूल्य अभिवृद्धि कर वापतको रकम नेपाल सरकारले तोकेको संघीय विभाज्य कोषमा दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु

प्रमाण पेश नगरेको	१४,१६,४३६

६४.३

घटी असुली- ठेक्का नं०३/MUN/०८१।८२/RM टिकुरी बसपार्क क्षेत्र बाट ढुङ्गा गिट्टी, बालुवा उत्खनन् तथा संकलनको लागि सूर्य विक्रम निर्माण सेवाको मूल्य अभिबृद्धि कर बाहेक रु.२४७७७९६.३० र मु.अ.कर समेत रु.२७,९९,९०९.१९ को प्रस्ताव स्वकृत भई मिति २०८१।६।२३ को पत्रबाट संझौता गर्न आउन पत्राचार गरेकोमा संझौता गर्दा मू.अ.कर बाहेक रु.२१,३१,८८४.६० को संझौता गरी रु.२४,०९,०२९.६० रोयल्टी प्राप्त भएको देखिएकोले घटी रोयल्टी रकम असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	३,९०,८८०

६४.४ यस वर्ष ४ वटा ठेक्का बाट रु.१०८६३२७७।९० प्राप्त भएकोमा विभाज्य कोषको वार्षिक विवरण अनुसार रु.८९३०१६७।२९ संकलन भएको देखाएकोले रु.१९३३११०।६९ फरक परेको देखियो। पालिकाले राजस्व बाँडफाँट हुने दहत्तर बहत्तर वापतको रकम रु.२९००००० सोझै आन्तरिक आय खातामा दाखिला गरेकोले विभाज्य कोषको आर्थिक विवरण यथार्थपरक देखिदैन। बाँडफाँट हुने सबै प्रकारका रकम विभाज्य कोषमा दाखिला गरी लेखाङ्कन गर्नुपर्दछ।

६५ **आय ठेक्काको व्याज**

६५.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) ग को ६ मा बमोजिम ढुङ्गा, गिट्टी, बालवुा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्रकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी संकलन गर्न पाउने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम पालिकाले यस वर्ष ४ ठेक्का बन्दोबस्त गरी राजस्व संकलन गरेको छ। दहत्तर बहत्तरको घाटगद्दी संकलन गर्ने सम्झौता गरेका व्यवसायीसंगको सम्झौतामा कबोल गरेको रकमको २० प्रतिशत रकम सम्झौता गर्दाका बखत दाखिला गर्नु पर्ने, ५० प्रतिशत रकम चैत्र ३० गते भित्र र ३० प्रतिशत रकम जेष्ट २० गते भित्र दाखिला गर्नु पर्ने र किस्ता रकम समयमा नबुझाएमा १० प्रतिशत ब्याज असुल गर्ने उल्लेख भएकोमा देहाय बमोजिमका व्यवसायीबाट देहाय बमोजिमको रकम समयमा दाखिला नभएको देखिन्छ।

६५.२ **ठेक्का नं.१**

ठेक्का नं.१ का व्यवसायी यु एण्ड वाइ विल्डर्ससंग मिति २०८१।७।६ मा मु.अ.कर समेत रु.३५००७९५.९२को सम्झौता भएकोमा मिति २०८१।७।६ मा रु,७०००००० र मिति २०८१।३।१० मा रु.२८००७९६ दाखिला गरेकोले दोस्रो किस्ता ५० प्रतिशतले हुने रु.१७५०३९७.५० को ढिलो अवधि (चैत्र १ दिन,बैशाख ३१ दिन,जेष्ठ ३१ दिन र असार ९ दिन समेत ७२ दिनको १० प्रतिशत ब्याज रु.३४५२८.०० र तेस्रो किस्ताको ३० प्रतिशतले हुने रु.१०५०२३८.५० को ठिलो अवधि जेष्ठ ११ दिन र असार ९ दिन समेत २० दिनको १० प्रतिशतले हुने रु.५७५४.०० समेत जम्मा रु.४०२८२.००

असुल गर्नुपर्ने	४०,२८२

६५.३ **ठेक्का नं.२**

ठेक्का नं.२ का व्यवसायी प्रतिभा निर्माण सेवासंग मिति २०८१।७।२७ मा मु.अ.कर समेत रु.३४१३५६३.७५को संझौता भएकोमा मिति २०८१।७।२८ मा रु.४००००००, मिति २०८१।७।३० मा रु.२००००० र मिति २०८१।३।१५ मा रु.४००००, मिति २०८१।३।२३ मा रु.२०००००, मिति २०८१।३।२४ मा रु.१०००००,रु.२७३००० र रु.२२००००० दाखिला गरेको देखिएकोले देहाय बमोजिम ढिलो अवधिको ब्याज तथा घटी दाखिला रकम असुल हुनु पर्ने रु.

किस्ता	कैफियत					रकम
पहिलो	प्रथम किस्ताबापत रु. ६८२७१२ हुनेमा रु . ६००००० मात्र दाखिला गरेकोले नपुग रकम रु . ८२७१२ को २२८ दिनको रु . ५१६६ असुल गर्नुपर्ने रु .					५१६६
दोस्रो	दोस्रो किस्ता वापतको रकम रु.१७,०६,७८१.०० देहाय बमोजिम दाखिला गरेकोले ढिलो दाखिला वापतको ब्याज असुल हुनु पर्ने रु.					४३८३८
	दाखिला मिति	रकम	गणना रकम	ढिलो अवधि	जरिवाना रकम	
	२०८२।३।२४	२२०००००	१६६६७८१	९६	४३८३८	
तेस्रो	तेस्रो किस्ता वापतको रकम रु.१०२४०६८.०० देहाय बमोजिम दाखिला गरेकोले ढिलो दाखिला वापतको ब्याज असुल हुनु पर्ने रु.					१५१९८
	दाखिला मिति	रकम	गणना रकम	ढिलो अवधि	जरिवाना रकम	
	२०८२।३।२३	२०००००	२०००००	३३	१८०८	
	२०८२।३।२४	१०००००	१०००००	३४	९३१	
	२०८२।३।२४	२७३५००	२७३५००	३४	७४९३	
	२०८२।३।२४	२२०००००	५३३२१९	३४	४९६६	
	जम्मा		११०६७१९			
	जम्मा					६४२०२

असुल गर्नुपर्ने	६४,२०२

६५.४ **ठेक्का नं.३**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६,४०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६५.५ **ठेक्का नं.४**

ठेक्का नं.४ का संघर्ष निर्माण सेवासंग मिति २०८१।७।६ मा मु.अ.कर समेत रु.१५३९८८९.००को सम्झौता भएकोमा मिति २०८१।६।८ मा रु,२,७३,५००.००, मिति २०८२।३।३० मा रु.९५००००.०० र मिति २०८२।३।३१ मा रु.३१६३८९.०० दाखिला गरेकोले प्रथम किस्ता २० प्रतिशत मध्ये रु.३४७७७.०० को ढिलो अवधि २६४ दिनको १० प्रतिशत हुने रु.२५१५.००, दोस्रो किस्ता रु.७,६९,९४४.०० चैत्र ३० गते भित्र बुझाउनु पर्नेमा चैत्र ३१ मा दाखिला गरेकोले ढिलो अवधि (चैत्र १ दिन,बैशाख ३१ दिन,जेष्ठ ३१ दिन र असार ३० समेत ९३ दिनको १० प्रतिशत ब्याज रु.१९६१७.०० र तेस्रो किस्ताको ३० प्रतिशतले हुने रु.४६१६६६.०० मध्ये को ठिलो अवधि जेष्ठ ११ दिन र असार २९ दिन समेत ४० दिनको १० प्रतिशतले हुने रु.५०५९.०० समेत जम्मा रु.

असुल गर्नुपर्ने	२७,१९१

६६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आयको प्रक्षेपण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष रु.७१ लाख १४ हजार आय अनुमान गरेकोमा रु.५७ लाख ८० हजार प्राप्त भएको छ। आन्तरिक आय सम्बन्धी

विगत पाँच वर्षको तुलनात्मक विवरण देहाय बमोजिम छः

आर्थिक वर्ष	अनुमान	यथार्थ प्राप्ती	प्राप्ती प्रतिशत	बृद्धि प्रतिशत
२०८१।८२	५०१००	३१३१०	६२.४९	(८.२६)
२०८०।८१	४४१५१	३४१३१	७७.३०	३३.६७
२०७९।८०	३००००	२५५३२	८५.१०	(१४.७५)
२०७८।७९	२४४२०	२९९५३	१२२.६५	(३४.७१)
२०७७।७८	२७५१०	४५८८०	१६६.७७	

क) उल्लिखित विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ मा आय अनुमानको १६६.७७ प्रतिशत आय प्राप्त भएकोमा २०७८।७९ मा १२२.६५ प्रतिशत, आर्थिक वर्ष २०७९।८० मा ८५.१० प्रतिशत, आर्थिक वर्ष २०८०।८१ मा ७७.३० प्रतिशत र आर्थिक वर्ष २०८१।८२ मा आय अनुमानको तुलनामा ६२.४९ प्रतिशत आन्तरिक आय प्राप्त भएको छ। त्यस्तै आथिक वर्ष २०७७।७८ आन्तरिक आय रु.४ करोड ५८ लाख ८० हजार रहेकोमाआर्थिक वर्ष २०८१।८२ रु.३ करोड १३ लाख १० हजार रहेकोले विगत ५ वर्षमा आन्तरिक आय ३१.७५ प्रतिशतले घटेको देखियो। पालिकाले सम्पत्ती कर बहाल कर, नक्सा पास दस्तुर,सिफारिस दस्तुर,व्यवसाय रजिस्ट्रेसन दस्तुर लगायत २५ आय शीर्षकबाट आन्तरिक आय प्राप्त गरेकोमा आय अनुमान गर्दा सम्पत्ती करको मात्र अनुमान गरेको देखियो। सम्पत्ती करमा यस वर्ष रु.६१ लाख ६१ हजार प्राप्त भएको छ जुन समग्र आन्तरिक आयको १६.६७ प्रतिशत हुँन आउछ। पालिकाले सबै शीर्षकबाट प्राप्त हुने आय अनुमान गरी राजस्वको प्रक्षेपण गर्नु पर्दछ।

ख) नगरपालिकाबाट संचालनमा आएको एम्वुलेन्स संचालन वापतको राजस्वको स्रेस्ता लेखापरीक्षणको लागि पेश नभएकोले सो सम्बन्धमा यथार्थ अवस्था यकिन हुन सकेन।

६७ **सामुदायिक वनको आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत पालिकाको सञ्चित कोषमा जम्मा नभएको व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा सुधार भएको देखिएन।अत: वन कार्यालयसंग समन्वय गरी आफ्नो क्षेत्रभित्रको सामुदायिक वनको वन पैदावार बिक्री वापतको रकम कानून बमोजिम प्राप्त गर्नु पर्दछ।

६८ **राजस्व बक्यौता**

प्युठान नगरपालिका र पवित्रा ट्रेडर्सको प्रोप्राइटर पवित्रा गिरीबीच वडा नं.८ स्थित तरकारी तथा फलफूल संकलन केन्द्र भाडामा सञ्चालन सम्बन्धमा भएको सम्झौता बमोजिम पालिकालाई मासिक रु.५०००० भुक्तानी गर्नुपर्ने तथा आर्थिक वर्ष कटी ढिला दाखिला गरेको हकमा सम्झौता अनुसार एक आर्थिक वर्ष कटेमा १०% ब्याज, दोस्रो आर्थिक वर्ष कटेमा २०% ब्याज र तेस्रो आर्थिक वर्ष कटेमा ३०% ब्याज जरिवाना असुल गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ सम्म उक्त ट्रेडर्सले दाखिला गर्न बाँकी भाडा र जरिवाना बापत रु.१३,३१,५०० असुल गर्न रहेको देखिन्छ। सो सम्बन्धमा कार्यपालिकाको मिति २०८१।९।२५ को निर्णय नं. १२ ले समेत उक्त बक्यौता रकम असुल गर्ने जनाएकोमा असुल नभएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१३,३१,५००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : प्युठान नगरपालिका, प्युठान , प्युठान नगरपालिका , प्यूठान

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नारायण प्रसाद भण्डारी	२०८०-०९-१२	हाल सम्म कार्यरत
लेखा प्रमुख	धर्म बहादुर डि सि	२०८१-१०-०७	हाल सम्म कार्यरत
लेखा प्रमुख	JIT BAHADUR HAMAL	२०८१-०४-०१	२०८२-०८-२५

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,९६०,८८२	१०,३९०,१३५	२,८९५,८५१	०	०	२,०७६,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१८,३२२,८६८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,५२८,३७५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१६,७९४,४९३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४०७४७२८५.०३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४६०७२२१३१	**चालु खर्च**	४७१५९२१३६.६६
प्रदेश सरकारबाट अनुदान	३१७५९६८३	**पूँजीगत खर्च**	१४४१०९३१२
राजश्व बाँडफाँट	१२५३७५७१७.३२	**वित्तीय/अन्य व्यवस्था**	२१९२५८८६०.३९
आन्तरिक आय	२९२०२६६३.९७		
अन्य आय	१८९५८९४४०.६		
कुल आय	८३६६४९६३५.८९	**कुल खर्च**	८३४९६०३०९.०५
बाँकी मौज्दात		४२४३६६११.८७	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व अनुदान र अन्य प्राप्ति				
११०००	कर	१२९४९२९२९.४	१२९४९२९२९.४	११७९४१९१२.३९	११७९४१९१२.३९
१३०००	अनुदान	४५८१७११८०.	४५८१७११८०.	४४७९२७१३७.६	४४७९२७१३७.६
१४०००	अन्य राजस्व	२२०३०३६१.६	२२०३०३६१.६	२९६७०३६२.८३	२९६७०३६२.८३
१५०००	विविध प्राप्ति	१६१३६८.	१६१३६८.	६७६१७८.	६७६१७८.
क	कुल जम्मा प्राप्ति	६०९८५५८३९.	६०९८५५८३९.	५९६२१५५९०.८२	५९६२१५५९०.८२
३	चालु	४७१५९२१३६.६६	४७१५९२१३६.६६	४७५७३७१५१.२४	४७५७३७१५१.२४
२१०००	पारिश्रमिक / सुविधा	२९३८२२६०८.२२	२९३८२२६०८.२२	२४४४३०१४५.२४	२४४४३०१४५.२४
२२०००	मालसामान तथा सेवाको उपयोग	१४९९२७३५१.४४	१४९९२७३५१.४४	१७५३२९३२५.	१७५३२९३२५.
२५०००	सहायता (Subsidy)	८९४३१८९.	८९४३१८९.	५३२४४८१.	५३२४४८१.
२६०००	अनुदान	१३६०७१९.	१३६०७१९.	०	०
२७०००	सामाजिक सुरक्षा	१४१८००३४.	१४१८००३४.	४७९२८९९२.	४७९२८९९२.
२८०००	अन्य खर्च	३३५८२३५.	३३५८२३५.	२७२४२०८.	२७२४२०८.
४	पूंजीगत	१४४१०९३१२.०८	१४४१०९३१२.०८	१५६४९२१०६.५३	१५६४९२१०६.५३
३१११०	भवन तथा संरचना	६००२८२८.	६००२८२८.	९१६७५४६.	९१६७५४६.
३११२०	सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स	३३१०८७६.	३३१०८७६.	५३४१६५३.	५३४१६५३.
३११३०	अन्य पूँजीगत खर्च	०	०	५००४४८५०.	५००४४८५०.
३११४०	सुरक्षा उपकरण	०	०	९१,६९६.००	९१,६९६.००
३११५०	सार्वजनिक निर्माण	१३०६२२०८८.०८	१३०६२२०८८.०८	८८६५२०१७.९८	८८६५२०१७.९८
३११६०	निर्मितसरचनाको सुधार खर्च	४१७३५२०.	४१७३५२०.	१२१८५५०.	१२१८५५०.
३११७०	पूँजीगत सुधार खर्च	०	०	१९७५७९३.५५	१९७५७९३.५५
५	वित्तीय	०	०	०	०
ख)	कुल जम्मा भुक्तानी	६१५७०१४४८.७४	६१५७०१४४८.७४	६३२२२९२५७.७७	६३२२२९२५७.७७
ग)	बचत / कमी (ग = क-ख)	-५८४५६०९.७४	-५८४५६०९.७४	-३६०१३६६६.९५	-३६०१३६६६.९५
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)	९२,२६,४३१.८९	९२,२६,४३१.८९	२८,९३,९२०.९८	२८,९३,९२०.९८
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			(४,७९,०७६.००)	(४,७९,०७६.००)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)	३३,८०,८२२.१५	३३,८०,८२२.१५	(३,३१,१९,७४५.९७)	(३,३१,१९,७४५.९७)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	४,०३,८२,८६०.०३	४,०३,८२,८६०.०३	७,४१,९०,६२४.५०	७,४१,९०,६२४.५०
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	४३७६३६८२.१८	४३७६३६८२.१८	४१०७०८७८.५३	४१०७०८७८

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१२,९४,९२,९२९.४०	०	१२,९४,९२,९२९.४०	११,७९,४१,९१२.३९	०	११,७९,४१,९१२.३९
१३०००	अनुदान		४५,८१,७१,१८०.००	०	४५,८१,७१,१८०.००	४४,७९,२७,१३७.६०	०	४४,७९,२७,१३७.६०
१४०००	अन्य राजस्व		२,२०,३०,३६१.६०	०	२,२०,३०,३६१.६०	२,९६,७०,३६२.८३	०	२,९६,७०,३६२.८३
१५०००	विविध प्राप्ति		१,६१,३६८.००	०	१,६१,३६८.००	६,७६,१७८.००	०	६,७६,१७८.००
क	कुल जम्मा प्राप्ति		६०,९८,५५,८३९.००		६०,९८,५५,८३९.००	५९,६२,१५,५९०.८२		५९,६२,१५,५९०.८२
३	चालु		४७,१५,९२,१३६.६६	०	४७,१५,९२,१३६.६६	४७,५७,३७,१५१.२४	०	४७,५७,३७,१५१.२४
२१०००	पारिश्रमिक / सुविधा		२९,३८,२२,६०८.२२	०	२९,३८,२२,६०८.२२	२४,४४,३०,१४५.२४	०	२४,४४,३०,१४५.२४
२२०००	मालसामान तथा सेवाको उपयोग		१४,९९,२७,३५१.४४	०	१४,९९,२७,३५१.४४	१७,५३,२९,३२५.००	०	१७,५३,२९,३२५.००
२५०००	सहायता (Subsidy)		८९,४३,१८९.००	०	८९,४३,१८९.००	५३,२४,४८१.००	०	५३,२४,४८१.००
२६०००	अनुदान		१३,६०,७१९.००	०	१३,६०,७१९.००	०	०	०
२७०००	सामाजिक सुरक्षा		१,४१,८०,०३४.००	०	१,४१,८०,०३४.००	४,७९,२८,९९२.००	०	४,७९,२८,९९२.००
२८०००	अन्य खर्च		३३,५८,२३५.००	०	३३,५८,२३५.००	२७,२४,२०८.००	०	२७,२४,२०८.००
४	पूंजीगत		१४,४१,०९,३१२.०८	०	१४,४१,०९,३१२.०८	१५,६४,९२,१०६.५३	०	१५,६४,९२,१०६.५३
३१११०	भवन तथा संरचना		६०,०२,८२८.००	०	६०,०२,८२८.००	९१,६७,५४६.००	०	९१,६७,५४६.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३३,१०,८७६.००	०	३३,१०,८७६.००	५३,४१,६५३.००	०	५३,४१,६५३.००
३११३०	अन्य पूँजीगत		०	०	०	५,००,४४,८५०.००	०	५,००,४४,८५०.००

	खर्च							
३११४०	सुरक्षा उपकरण		०	०	०	९१,६९६.००	०	९१,६९६.००
३११५०	सार्वजनिक निर्माण		१३,०६,२२,०८८.०८	०	१३,०६,२२,०८८.०८	८,८६,५२,०१७.९८	०	८,८६,५२,०१७.९८
३११६०	निर्मितसरचनाको सुधार खर्च		४१,७३,५२०.००	०	४१,७३,५२०.००	१२,१८,५५०.००	०	१२,१८,५५०.००
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	१९,७५,७९३.५५	०	१९,७५,७९३.५५
५	वित्तीय		०	०	०	०	०	०
ख)	कुल जम्मा भुक्तानी		६१,५७,०१,४४८.७४		६१,५७,०१,४४८.७४	६३,२२,२९,२५७.७७		६३,२२,२९,२५७.७७
ग)	बचत /कमी (ग = क-ख)		(५८,४५,६०९.७४)		(५८,४५,६०९.७४)	(३,६०,१३,६६६.९५)		(३,६०,१३,६६६.९५)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		९२,२६,४३१.८९		९२,२६,४३१.८९	२८,९३,९२०.९८		२८,९३,९२०.९८
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					(४,७९,०७६.००)		(४,७९,०७६.००)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		३३,८०,८२२.१५		३३,८०,८२२.१५	(३,३१,१९,७४५.९७)		(३,३१,१९,७४५.९७)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४,०३,८२,८६०.०३		४,०३,८२,८६०.०३	७,४१,९०,६२४.५०		७,४१,९०,६२४.५०
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							

ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		४,३७,६३,६८२.१८		४,३७,६३,६८२.१८	४,१०,७०,८७८.५३		४,१०,७०,८७८.

सुझाव

प्युठान नगरपालिकाद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।